# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ३४ | काठमाडौं | बुधबार, १३ जेठ २०८३ | Prabhab National Daily | Wednesday, 27 May 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


# रास्वपालाई महाधिवेशनको चटारो




■ प्रभाव संवाददाता

- कार्यतालिकाअनुसार अहिले देशभरका स्थानीय तह र वडाहरूमा धमाधम अधिवेशन
- मंगलबार बाराको कलैयामा भएको वडा अधिवेशनमा कुर्सी हानाहान, जेठ १० गते बारामा जिल्लास्तरीय विस्तारित बैठकमा कुटपिट हुँदा तीन जना घाइते
- रास्वपा चितवन महाधिवेशनबाट प्रत्यक्ष कार्यकारी निर्वाचित प्रमुखको एजेण्डाबाटसमेत पछि हट्ने संकेत

**काठमाडौं–** सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई महाधिवेशनको चटारो लागेको छ। असार ७ गते चितवनमा पहिलो महाधिवेशन उद्घाटन गर्ने तयारी गरेको रास्वपा देशभर वडा अधिवेशनमा जुटेको छ।

महाधिवेशन तयारी पूरा गर्न रास्वपाले जेठ ६ गते बसेको केन्द्रीय निर्वाचन आयोगको बैठकले कार्यतालिका स्वीकृत गरेको थियो। यही कार्यतालिकाअनुसार अहिले देशभरका स्थानीय तह र वडाहरूमा धमाधम अधिवेशन चलिरहेको छ।

रास्वपाको निर्वाचन आयोगले जारी गरेको कार्यतालिकाअनुसार जेठ १५ गतेभित्र प्रदेश र जिल्ला समितिहरूले निर्वाचन समिति गठन गरिसक्नुपर्ने छ। जेठ १० गतेभित्र त्यसको आधिकारिक परिपत्र र माइन्युटको प्रतिलिपि निर्वाचन कार्यालयमा बुझाइसक्नुपर्ने उल्लेख छ।

स्थानीय तथा जिल्ला अधिवेशनका प्रतिवेदनहरू जेठ २० गतेभित्र संकलन गरिने छ। महाधिवेशन प्रतिनिधिहरूको नामावली पेस गर्ने अन्तिम समय जेठ २५ गतेसम्म तोकिएको छ। यस्तै, जिल्ला सभापतिहरूले जेठ मसान्तभित्र जिल्ला अधिवेशन तथा निर्वाचन प्रतिवेदन अनिवार्यरूपमा पेस गर्नुपर्ने छ।

महाधिवेशनलाई आधुनिक र प्रविधिमैत्री बनाउने उद्देश्यका साथ रास्वपाले 'विद्युतीय भोटिङ मेसिन' प्रयोग गर्ने तयारीसमेत गरेको छ। यससम्बन्धी छलफल र प्रदेश अधिवेशनमा निर्वाचित पदाधिकारीहरूको विवरण पेस गर्ने कार्य आगामी असार ५ गतेभित्र सम्पन्न गरिने कार्यतालिकामा उल्लेख छ।

निर्वाचन आयोगले सबै प्रदेश सभापतिहरूलाई आफ्ना मातहतका जिल्ला सभापतिहरूसँग आवश्यक समन्वय गरी केन्द्रको कार्यतालिकाअनुसार तोकिएको समयभित्रै कार्य सम्पादन गर्न निर्देशन दिएको छ।

**विवाद बढ्दा महाधिवेशन केही पर सर्ने संकेत**

वडा अधिवेशनका क्रममा केही स्थानमा विवादले उग्र रूप लिँदा महाधिवेशन सर्ने संकेत रहेको रास्वपाका नेताहरू बताउँछन्। मंगलबार बाराको कलैयामा भएको वडा अधिवेशनमा कुर्सी हानाहान भएको थियो। जेठ १० गते बारामा जिल्लास्तरीय विस्तारित बैठकमा कुटपिट हुँदा तीन जना घाइते भएका थिए। यी घटनाका कारण पनि असार ७ देखि ९ गतेसम्मका लागि निर्धारण गरिएको महाधिवेशन केही ढिला हुने आशंका गरिएको छ। रास्वपा निर्वाचन आयोगका उपप्रमुख राम गुरुङले भने कार्यतालिकाबमोजिम नै काम भइरहेको बताए।

जेठ १६ गतेसम्म सबै वडाहरूमा अधिवेशन भइसक्ने रास्वपाको कार्यतालिका छ। त्यस्तै, जेठ १७ गते पालिकाको अधिवेशन हुने छ।

क्रमशः पृष्ठ २ मा

# संसद्मा प्रधानमन्त्रीको खोजी निरन्तर

## सभामुख र रास्वपाको आश्वासनपछि हट्यो विपक्षीको अवरोध



मंगलबारको प्रतिनिधिसभा बैठकमा प्रधानमन्त्रीको उपस्थिति माग गर्दै प्रतिपक्षी दलका सांसदहरू। *तस्बिर सौजन्यः नेपाल फोटो लाइब्रेरी*



प्रधानमन्त्रीले संसद्मा आएर जनताको प्रश्नको जवाफ दिनुपर्छ। संसद्मा आउनै नचाहने प्रवृत्ति लोकतान्त्रिक संस्कार होइन।

**बासना थापा**
प्रमुख सचेतक, कांग्रेस



प्रधानमन्त्रीज्यू आउने तयारी गरिरहनुभएको छ। उहाँ सदनमा उठिरहेको विषयमा जानकार हुनुहुन्छ। आउने मिति तय हुनेबित्तिकै जानकारी गराउँछु।

**डोलप्रसाद अर्याल**
सभामुख

■ जेबी योञ्जन

**काठमाडौं–** संसद्प्रति अनुत्तरदायी बनेको भन्दै आलोचित बनेका प्रधानमन्त्री वालेन्द्र शाह अन्ततः संसद्मा आउन तयार भएका छन्। प्रतिपक्षी दलहरूले लगातार संसद्मा प्रधानमन्त्रीको खोजी गर्दै बैठक अवरुद्ध गरेपछि उनी संसद्मा आउन तयार भएको बताइएको छ। तर, उनी आउने मिति भने अनिश्चित छ।

संसद्मा उपस्थित हुन नमानेपछि प्रतिनिधिसभा लगातार अवरुद्ध बन्दै आएको छ। विपक्षी दलहरूले प्रधानमन्त्री स्वयं सदनमा आएर सांसदहरूले उठाएका प्रश्नको जवाफ नदिएसम्म संसद् चल्न नदिने अडान लिएपछि संघीय संसद्को बर्खे अधिवेशन राजनीतिक टकरावको केन्द्र बनेको हो। संसद्को नियमित कामकारबाही प्रभावित भइरहेका बेला प्रधानमन्त्री शाहमाथि संसद्मा 'हलो अड्काउने' आरोप लागेको छ।

मंगलबार प्रतिनिधिसभाको बैठकमा आकस्मिक, शून्य र विशेष समय सकिएर कार्यसूचीमा प्रवेश गर्न लाग्दा विपक्षी सांसदहरू एकाएक उठेर विरोधमा उत्रिए। नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदहरूले प्रधानमन्त्री संसद्मा उपस्थित नभएसम्म सदन अघि बढ्न नदिने चेतावनी दिए। संसद् बैठक केही समय तनावग्रस्त बन्यो। विपक्षी सांसदहरू रोस्ट्रम अगाडि उभिएर नाराबाजी गरिरहेकै अवस्थामा सभामुख डोलप्रसाद अर्यालले बैठक सञ्चालन गर्ने प्रयास गरिरहेका थिए।

प्रधानमन्त्री शाह संसद्प्रति उत्तरदायी हुनबाट भागिरहेको विपक्षी दलहरूको आरोप छ। प्रतिनिधिसभा नियमावली २०७९ को नियम ५६ को उपनियम (१०) मा प्रत्येक महिनाको पहिलो हप्तामा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम सञ्चालन गर्नुपर्ने स्पष्ट व्यवस्था भए पनि प्रधानमन्त्री शाह अधिवेशन सुरु भएदेखि नै संसद्मा अनुपस्थित छन्। जेठ ४ गते सुरु भएको बर्खे अधिवेशनमा बसेका पाँचवटै बैठकमा विपक्षी दलहरूले प्रधानमन्त्रीको उपस्थिति माग गर्दै अवरोध गरेका छन्।

नेपाली कांग्रेसकी प्रमुख सचेतक बासना थापाले प्रधानमन्त्री संसद्को सम्मान गर्न तयार नदेखिएको टिप्पणी गरिन्। 'जनताको प्रश्नको जवाफ प्रधानमन्त्रीले दिनुपर्छ। संसद्मा आउनै नचाहने प्रवृत्ति लोकतान्त्रिक संस्कार होइन,' उनले भनिन्।

एमालेका प्रमुख सचेतक ऐन महरले प्रधानमन्त्रीले आफूलाई जन्माउने संसद्लाई नै बेवास्ता गरेको आरोप लगाए। उनले आक्रोशित हुँदै सोधे, 'के बालेनतन्त्र लागू गर्न खोजिएको हो ?'

वालेन्द्र सरकारले संविधानको धारा ७६ (१०) को भावना उल्लंघन गरेको भन्दै महरले आपत्ति जनाए। प्रधानमन्त्री संसद्मा आएर सदनलाई सम्मान नगरेको उनको भनाइ छ।

नेकपाका प्रमुख सचेतक युवराज दुलालले प्रधानमन्त्री केही समयका लागि भए पनि रोस्ट्रममा उभिएर सांसदका प्रश्नको सामना गर्नुपर्ने बताए। उनले भने, 'संविधान, कानुन र नियमावली सबैले मान्नुपर्छ। प्रधानमन्त्री संसद्प्रति उत्तरदायी हुनैपर्छ।'

श्रम संस्कृति पार्टीका सांसद आरेन राईले अहिलेको घटनाले भविष्यका लागि गलत संसदीय नजिर बस्ने चेतावनी दिए। 'संख्याको दम्भ स्थायी हुँदैन। पाँच वर्षपछि फेरि अर्को समीकरण बन्छ, जबसम्म प्रधानमन्त्री संसद्मा आएर सांसदका प्रश्नको जवाफ दिन तयार हुनुहुन्न, हाम्रो विरोध जारी रहन्छ,' उनले चेतावनी शैलीमा भने।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# विदेशमा समस्यामा परेका नेपालीलाई जोड्न 'मोफा मित्र' एप सञ्चालनमा

- कन्सुलर सेवा विभागले सञ्चालनमा ल्यायो 'मोफा मित्र' एप
- मन्त्रालयको सेवालाई प्रविधिमैत्री बनाएर सबैको पहुँचमा पुऱ्याउने लक्ष्य
- 'मोफा मित्र' एपमा जोडिएर सरकारबाट आवश्यक सहयोग लिन सकिने
- विदेशमा समस्यामा परेकाहरूप्रति एप लक्षित




■ प्रभाव संवाददाता

**काठमाडौं–** परराष्ट्रमन्त्री शिशिर खनालले विदेशमा अप्ठ्यारोमा परेका नेपालीको उद्धारको विषय सबैभन्दा धेरै आउने गरेको बताएका छन्। मन्त्रालयअन्तर्गतको कन्सुलर सेवा विभागले मंगलबारबाट सञ्चालनमा ल्याएको 'मोफा मित्र' एपको शुभारम्भ गर्दै मन्त्री खनालले यस्तो बताएका हुन्। उनले समस्यामा परेकाहरूमा कहाँ सम्पर्क गर्ने भन्ने अन्योलतालाई यस एपले सम्बोधन गर्ने बताए।

मन्त्रालयको सेवालाई प्रविधिमैत्री बनाएर सबैको पहुँचमा पुऱ्याउने उद्देश्यमा 'मोफा मित्र' एप महत्त्वपूर्ण शुभारम्भ भएको मन्त्री खनालको भनाइ छ। विशेषगरी वैदेशिक रोजगारीमा दक्षता, गन्तव्य मुलुकको कानुन, संस्कृतिलगायतका विषयमा पर्याप्त जानकारी नभई जानेहरू बढी समस्यामा पर्ने गरेका मन्त्री खनालको भनाइ छ। आप्ठ्यारोमा पर्दा कहाँ सम्पर्क गर्ने भन्ने अन्योलतालाई उक्त एपले चिर्ने उनले बताए।

'हरेक परिवार कुनै र कुनै रूपमा विदेशसँग जोडिएको छ तर उहाँहरूलाई अप्ठ्यारो पर्दा कहाँ, जना कसरी भन्ने, कसलाई गुनासो गर्नेजस्ता अन्योलता देखिन्छ,' उनले भने, 'उहाँहरूलाई के गर्ने भन्ने जानकारी हामीले पनि नपाएको अवस्था छ। त्यसलाई चिर्दै वान डोर टेक्नोलोजीको सूत्र हुनसक्छ भनेर मोफा मित्र एपलाई अगाडि बढाएका हौं।'

उक्त एपले घरबाटा टाढा रहेकाहरूको जानकारी आफन्तले पाउने हकलाई सुनिश्चित गर्ने मन्त्री खनालको भनाइ छ। विदेशमा रहेका नेपालीलाई नजिक रहेको महसुस गराउन सरकार प्रयत्नशील रहेको उनले दाबी गरेका छन्। अन्तर्राष्ट्रिय मञ्चहरूमासमेत श्रम आप्रवासनको विषयलाई महत्त्वपूर्णरूपमा उठाइरहेको उनले उल्लेख गरे।

विदेशमा रहेका नेपालीहरूको यकीन तथ्यांक नहुनु दुर्भाग्यपूर्ण भएकोसमेत मन्त्री खनालको भनाइ छ। हाल वैदेशिक रोजगारीमा ४० देखि ५० लाख नेपाली गएको हुनसक्ने अनुमान छ। तर जनगणनाको तथ्यांक हेर्दा करिब २२ लाख नेपालीमात्र मुलुकबाहिर रहेको देखिन्छ। यो अन्योलतालाई दृष्टिगत गर्दै सरकारले सम्बन्धित सरकारी निकायमा रहेको तथ्यांक, गन्तव्य मुलुकबाट प्राप्त तथ्यांक र व्यक्ति स्वयंले भरेको विवरणका आधारमा तथ्यांक संकलनको कार्य सुरु गरेको पनि जनाइएको छ।

विदेशमा रहेकाहरूले आफ्नो समस्या राख्नका लागि विगत सञ्चालन गरिएका प्रणाली अव्यावहारिक र कम प्रभावकारी भएकाले यो एप तयार गरिएको विभागकी महानिर्देशक दूरपदा सापकोटाले बताइन्। अब भने तत्काल गुनासो सम्बोधन गर्न सहज हुने उनको भनाइ छ।

'विगतमा विदेशमा भएको आफ्नो मान्छेको अवस्था बुझ्न विभागमै आउनपर्थ्यो। त्यसपछि वेबसाइटबाट अनलाइन पोर्टलमा गएर निवेदन दिने व्यवस्था गरियो,' उनले भनिन्, 'त्यो पोर्टल पनि व्यावहारिक भएन भन्ने लागेर मोबाइल एप लञ्च गरिएको हो।'

क्रमशः पृष्ठ २ मा

# निजी क्षेत्रलाई साथमा लिएर अगाडि बढ्ने आश्वासन

- सरकार निजी क्षेत्रमैत्री नीति लिएर अघि बढ्ने प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहको आश्वासन
- निर्धक्क भएर व्यवसाय सञ्चालन गर्न आग्रह
- निजी क्षेत्रसँग सहकार्य नगरी देशको आर्थिक विकास सम्भव नहुने भनाइ
- सरकारले कुनै पनि व्यवसायीलाई लक्षित गरेर धरपकड नगरेको दाबी
- निजी क्षेत्रमैत्री बजेट ल्याउने तयारी गरिरहेको जानकारी
- संविधान संशोधनलाई केवल राजनीतिक विषय नभई आर्थिक सुधार, लगानी सुरक्षा, कानुनी स्पष्टता, सुशासन र निजी क्षेत्रप्रतिको दृष्टिकोण परिवर्तन गर्ने अवसरका रूपमा हेरेको व्यवसायीको भनाइ



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार एवं संविधान संशोधन बहसपत्र तयार गर्न गठित कार्यदलका संयोजक असिम शाहले व्यवसायीहरूलाई निर्धक्क भएर व्यवसाय सञ्चालन गर्न आग्रह गरेका छन्। उनले सरकार निजी क्षेत्रमैत्री नीति लिएर अघि बढिरहेको आश्वासन दिए।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यदलले उद्योग, वाणिज्य एवं निजी क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूसँग संविधान संशोधनका विषयमा मंगलबार सुझाव लिने क्रममा संयोजक शाहले निजी क्षेत्रसँग सहकार्य नगरी देशको आर्थिक विकास सम्भव छैन भन्नेमा सरकार जानकार रहेको बताए।

सरकारले कुनै पनि व्यवसायीलाई लक्षित गरेर धरपकड नगरेको दाबी गर्दै उनले गम्भीर आपराधिक गतिविधि र राज्यलाई क्षति पुऱ्याउने कार्यमा संलग्नहरूमाथि मात्रै कानुनी कारबाही भइरहेको स्पष्ट पारे। 'प्रधानमन्त्रीको कार्यालय, गृह मन्त्रालय वा अन्य कुनै निकायबाट कसैलाई समात्ने वा नसमात्ने भन्नेजस्ता निर्देशन दिइएको छैन। सिस्टमले निष्पक्षरूपमा आफ्नो काम गरिरहेको छ,' उनले भने, 'उद्यमी-व्यवसायीले आफ्नो व्यवसाय सञ्चालन गर्न कोही कसैलाई चन्दा दिन पर्दैन। पार्टी वा सरकारका कुनै पदाधिकारीबाट यस्तो दबाब आए हामीलाई जानकारी दिनुहोस्। इमान्दारिताका साथ ढुक्क भएर काम गर्नुहोस्।'

प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार एवं कार्यदलका संयोजक शाहले वर्तमान सरकार सुशासन र भ्रष्टाचार अन्त्यको 'एजेण्डा'बाट बनेको सरकार भएकाले 'शून्य सहनशीलता' नीति अपनाएको बताए।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## संसद्मा...

राप्रपाकी प्रमुख सचेतक खुस्बु ओलीले प्रधानमन्त्री किन जनप्रतिनिधिसँग संवाद गर्न नचाहेको भन्दै प्रश्न उठाइन् 'प्रधानमन्त्रीलाई संसद्सँग किन डर लागेको हो ? जनप्रतिनिधिसँग किन संवाद गर्न चाहनुहुन्न ?,' उनले सोधिन्। विपक्षी दलहरूको असन्तुष्टि प्रधानमन्त्रीभन्दा बढी सभामुख अर्यालको भूमिकामाथि पनि केन्द्रित थियो। संसदीय अभ्यासमा सभामुखलाई संसद्को संरक्षक मानिन्छ । कार्यपालिकाले व्यवस्थापिकामाथि हस्तक्षेप गर्न खोज्दा सभामुखले संसद्को विशेषाधिकारको रक्षा गर्नुपर्ने मान्यता छ । तर, विपक्षी दलहरूले सभामुख अर्याल प्रधानमन्त्री शाहको दबाब र प्रभावमा परेर निरीह बनेको आरोप लगाइरहेका छन् ।

मंगलबारको बैठकमा सभामुख अर्यालले सांसदहरूले उठाएको विषय संविधानसम्मत, नियमावलीसम्मत र जायज भएको स्वीकार गरे । उनले प्रधानमन्त्रीसँग संवाद भइरहेको र प्रधानमन्त्री चाँडै सदनमा आउने तयारीमा रहेको जानकारी गराए । 'सम्माननीय प्रधानमन्त्रीज्यू आउने तयारी गरिरहनुभएको छ। उहाँ सदनमा उठिरहेको विषयमा जानकार हुनुहुन्छ,' सभामुख अर्यालले भने । तर, विपक्षी सांसदहरूले प्रधानमन्त्री कहिले आउने हो ? मिति तोक्नुपर्‍यो भन्दै दबाब दिए पनि सभामुखले औपचारिक रुलिङ गर्न अस्वीकार गरे ।

'मिति घोषणा होस् भन्ने तपाईंहरूको चाहना स्वाभाविक हो,' उनले भने, 'प्रधानमन्त्री आउने मिति तय हुनेबित्तिकै जानकारी गराउँछु ।' यसअघि जेठ ७ गते पनि विपक्षीको अवरोधपछि सभामुख अर्याल प्रधानमन्त्रीलाई भेट्न सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुगेका थिए । करिब आधा घण्टा छलफल हुँदा पनि प्रधानमन्त्रीलाई सदनमा उपस्थित गराउने सहमति जुटाउन नसकेको स्रोतको भनाइ छ। त्यसपछि बैठक स्थगित गरिएको थियो । तर मंगलबार फेरि उही अवस्था दोहोरियो ।

विपक्षी सांसदहरू नाराबाजी गरिरहेकै अवस्थामा सभामुखले सरकारको कार्यसूची अघि बढाउन दिए। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्कराज पौडेललाई पर्यटन विधेयक २०८२ पेस गर्न समय दिए । त्यसअघि कानुनमन्त्री सोविता गौतम र अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई पनि विपक्षीको विरोधबीच विधेयक अघि बढाउन दिएका थिए । यसले सभामुख अर्याल सरकारको सहयोगी बनेको विपक्षी आरोपलाई थप बल दिएको छ ।

यसबीच सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले भने प्रधानमन्त्री चाँडै संसद्मा आउने दाबी गरेको छ । रास्वपाका मुख्य सचेतक कविन्द्र बुर्लाकोटीले प्रधानमन्त्रीको सचिवालयसँग संवाद भइरहेको र सम्भवतः एक साताभित्र संसद्मा सम्बोधन गर्ने तयारी रहेको जानकारी दिए । 'प्रधानमन्त्रीज्यू सदनमा आउनुहुन्छ । एक हप्ताभित्र सम्बोधन गर्ने तयारी भइरहेको छ,' उनले भने ।

तर, विपक्षी दलहरूले मौखिक आश्वासन पर्याप्त नभएको भन्दै निश्चित मिति र सभामुखबाट औपचारिक रुलिङ माग गरे । तर, सभामुख अर्याल रुलिङ गर्न तयार भएनन् । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसकी सांसद सीता थपलियाले प्रधानमन्त्रीलाई संसद्प्रति नै विश्वास नभए किन प्रधानमन्त्री बनेको भनेर प्रश्न उठाइन् । 'विपक्षीलाई होइन, आफ्नै सत्ता पक्षका सांसदका कुरा सुन्न भए पनि आउनुपर्थ्यो,' उनले भनिन् ।

प्रधानमन्त्री शाहले संसद्को जवाफदेहिताबाट टाढा भागिरहेको आरोप खेपिरहेका छन् । विपक्षी दलहरूका अनुसार प्रधानमन्त्री संसद्मा उपस्थित हुन नमान्नु राजनीतिक अडानमात्रै होइन, संसदीय प्रणालीलाई नै अस्वीकार गर्नु हो । संसद्लाई बेवास्ता गर्ने उनको शैलीले लोकतान्त्रिक संस्थामाथिको जनविश्वास कमजोर बनाउने उनीहरूको चेतावनी छ ।

■■■

## रास्वपालाई...

रास्वपा प्रदेशको अधिवेशनमा केन्द्रित हुने छ । जेठ २३ र २४ मा जिल्ला अधिवेशन गरेपछि जेठ २६ देखि असार १ गतेसम्म सात वटै प्रदेशको अधिवेशन हुने छ । प्रदेश अधिवेशनपछि असार ७ गतेदेखि चितवनमा रास्वपाको केन्द्रीय महाधिवेशन हुने छ ।

जेठ मसान्तमामात्र महाधिवेशनको मिति सर्ने नसर्नेबारे पक्का हुने गुरुङले बताए । 'कार्यतालिकाअनुसार नै काम भइराखेका छन् । केही तलमाथि नभए असार १ गतेसम्ममा महाधिवेशन प्रतिनिधि टुंगो लाग्छ,' गुरुङले भने । रास्वपाले सभापति रवि लामिछानेको नेतृत्वमा महाधिवेशन मूल आयोजक समिति गठन गरिसकेको छ ।

महाधिवेशन व्यवस्थापनका लागि प्रतिनिधि व्यवस्थापन समिति, प्रतिवेदन तथा प्रस्ताव मस्यौदा समिति, प्रचारप्रसार व्यवस्थापन समिति, सूचना तथा प्रविधि व्यवस्थापन समिति, आवास तथा भोजन समिति, स्वास्थ्य तथा प्राथमिक उपचार व्यवस्थापन समिति, सांस्कृतिक कार्यक्रम समिति र अतिथि सत्कार समिति गठन गरिएको छ । महामन्त्री भूपदेव शाहको संयोजकत्वमा एकता समायोजन कार्यदल गठन गरेको थियो ।

**विधान संशोधनमा सकस**

सहमहामन्त्री विपिनकुमार आचार्यको संयोजकत्वमा विधान संशोधन मस्यौदा कार्यदल गठन गरिएको छ । यी दुवै कार्यदललाई जेठ १० गतेसम्म प्रतिवेदन बुझाउने समयसीमा दिएको थियो । विधान संशोधन मस्यौदाको खाका बनिसके पनि बजेटमा जुट्नु परेका कारण पार्टीमा पेस नभएको पार्टीका एक केन्द्रीय सदस्यले बताए ।

कार्यदल सदस्य गणेश पराजुलीका अनुसार विधान संशोधनमा सुझाव लिने काम जारी छ । विधानमा सहमहामन्त्री र कोषाध्यक्ष थप्नुका साथै केन्द्रीय समितिको आकार ठूलो बनाउन सुझाव आएको पराजुलीले बताए । 'मौजुदा विधानमा १२९ सदस्यीय केन्द्रीय सदस्य छ । ७७ जिल्लाका जनसंख्या, भूगोल र समावेशितालाई ख्याल गरी केन्द्रीय समितिको आकार बढाउने तयारी छ,' पराजुलीले भने ।

रास्वपाको विधानले केन्द्रीय तहमा सभापति एक, उपसभापति तीन (कम्तीमा एक महिला), महामन्त्री एक, सहमहामन्त्री तीन (कम्तीमा एक महिला), कोषाध्यक्ष एक, सहकोषाध्यक्ष एक, प्रवक्ता एक तथा सहप्रवक्ता दुई जना गरी १३ जना पदाधिकारी हुने व्यवस्था गरेको छ । जसमा फरक-फरक लिंग अनिवार्य गरिएको छ । यो बीचमा रास्वपाले भुपदेव शाहलाई महामन्त्रीमा मनोनीत गरी दुई जना महामन्त्री बनाइसकेको छ ।

महाधिवेशन प्रतिनिधिबाट सभापति, उपसभापति, महामन्त्री र सहमहामन्त्री निर्वाचित हुने छन् । कोषाध्यक्ष, सहकोषाध्यक्ष, प्रवक्ता र सहप्रवक्ता भने सभापतिले निर्वाचित सदस्यहरूमध्येबाट मनोनीत गर्ने व्यवस्था छ ।

त्यसैगरी, २५ सदस्यीय सचिवालय गठन गर्ने अधिकार पनि सभापतिलाई रहने छ । १२९ सदस्यीय केन्द्रीय समितिमा कम्तीमा एकतिहाइ महिला सहभागिता सुनिश्चित गरिएको छ । पार्टीले 'महाधिवेशन कार्यविधि, २०८३' र संसदीय दलको विधानको मस्यौदा बनाउने जिम्मा महामन्त्री कविन्द्र बुर्लाकोटीलाई दिएको छ । कार्यविधि पछिल्लो केन्द्रीय समिति बैठकले अनुमोदन भइसकेको छ । महाधिवेशनमा नेतृत्व छनोट प्रक्रिया पार्टी सदस्यबाट केन्द्रीय समितिको निर्वाचन गर्ने र केन्द्रीय समितिले पदाधिकारीको निर्वाचन गर्ने व्यवस्था रहने छ ।

रास्वपा चितवन महाधिवेशनबाट प्रत्यक्ष कार्यकारी निर्वाचित प्रमुखको एजेण्डाबाटसमेत पछि हट्ने बताइएको छ । २०७९ असारमा स्थापना हुँदा रास्वपाले प्रत्यक्ष निर्वाचित निर्वाचित प्रधानमन्त्रीको एजेण्डा अघि सारेको थियो । रास्वपाले फागुनको चुनावका लागि अघि सारेको वाचापत्रमा पनि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था गर्ने उल्लेख गरेको थियो ।

**रास्वपा छाडेकी ममता बनिन् कांग्रेस केन्द्रीय सदस्य**

रास्वपा छाडेकी ममता शर्मालाई नेपाली कांग्रेसले केन्द्रीय सदस्यमा मनोनीत गरेको छ । मंगलबार कांग्रेस सभापति गगन थापाले शर्मालाई कांग्रेस केन्द्रीय कार्यसमितिको सदस्य पदमा मनोनयन गरेका हुन् । नेपाली कांग्रेसको विधान, २०१७ (संशोधनसहित) को धारा ४ को उपधारा (१०) (ङ) मा व्यवस्था भएबमोजिम उनलाई केन्द्रीय सदस्यमा मनोनयन गरिएको कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्ण दुलालले जनाए । रास्वपा मधेस प्रदेशकी संस्थापक सभापति शर्मा फागुन २१ गतेको निर्वाचनअघि रास्वपा छोडेर कांग्रेस प्रवेश गरेकी थिइन् ।

■■■

## विदेशमा समस्यामा...

अब जसले जहाँबाट निवेदन दिए पनि सेन्ट्रलाइज्ड सिस्टममा आउँछ र हामीले त्यसलाई तत्काल सम्बोधन गर्न सक्छौं ।'

विभागका अनुसार उक्त एपमा विदेशमा हराएकाको खोजतलास तथा उद्धार गर्न, गुनासो/समस्या राख्न, शव व्यवस्थापनको सेवा तथा बिमा/क्षतिपूर्ति लिनका लागि निवेदन दिन सकिने जनाइएको छ । विगतमा विभागमा निवेदन दर्ता गर्न कि फोन या इमेल गर्नुपर्ने अवस्था थियो भने दर्ता गराएको निवेदनमा के कति काम हुँदै छ भनेर ट्र्याक गर्ने सिस्टम थिएन । यो एपमार्फत व्यक्तिले दिएको निवेदन सीधै नियोगमै पुग्ने र निवेदनको स्थिति हेर्न सकिने छ । साथै विभिन्न परिस्थितिमा जारी गरिने ट्राभल एड्भाइजरी पनि एपबाटै हेर्न सकिने जनाइएको छ । विदेशमा रहेका नेपाली नागरिक र स्वदेशमा रहेका आफन्तले पनि निवेदन पठाउन सक्ने जनाइएको छ ।

कन्सुलर तथा कानुनी परामर्श सेवासम्बन्धी अनलाइन प्रणाली हाल सबै प्रदेश, जिल्ला प्रशासन कार्यालय, विदेशस्थित नेपाली नियोगहरू तथा ५०० स्थानीय तहमा सेवा विस्तार भइसकेको मन्त्रालयले जनाएको छ । चालु आर्थिक वर्षको अन्त्यसम्म ७५३ वटै स्थानीय तहमा सेवा विस्तार गर्ने जनाइएको छ ।

■■■

## निजी क्षेत्रलाई...

सरकारले निजी क्षेत्रमैत्री बजेट ल्याउने तयारी गरिरहेको र आगामी बजेटले व्यवसाय गर्ने वातावरण सहज बनाउने उनको भनाइ थियो । सरकारले 'एकद्वार प्रणाली'मार्फत झण्झटिलो प्रशासनिक प्रक्रिया घटाउने तयारी गरिरहेको उनले जानकारी दिए । उत्पादन, लगानी, उद्योग तथा व्यवसायसँग सम्बन्धित नीतिमा सुधार भइरहेको उल्लेख गर्दै सल्लाहकार शाहले निजी क्षेत्रलाई हरेक परियोजनामा सहभागी गराइने धारणासमेत राखे । सरकारले ठूला परियोजनामा निजी क्षेत्रको सहभागिता बढाउन 'बिओटी' र 'पिपिपी' मोडल अपनाउने तयारी गरिरहेको उनले जानकारी दिए ।

विगतमा सरकारी नीति, अस्थिरता वा अन्य कारणले व्यवसायीहरू समस्यामा परेको स्वीकार गर्दै उनले कर छुट, सहुलियत तथा राहतका कार्यक्रम ल्याउन सकिने संकेत गरे । तर, त्यसका लागि निजी क्षेत्रले पनि सरकारलाई सहयोग गर्नुपर्ने उनको भनाइ थियो । सो छलफलमा सहभागी उद्योगी तथा व्यवसायीहरूबाट प्राप्त सुझावलाई बहसपत्र तयारीका क्रममा प्राथमिकताका साथ समेटिने उनले स्पष्ट पारे ।

छलफलमा उद्योग, वाणिज्य एवं निजी क्षेत्रका प्रतिनिधिहरू दिव्यमणि भण्डारी, अञ्जन श्रेष्ठ, अरुण चौधरी, डा. उपेन्द्र महतो, रवि केसी, शिवरतन शारदा, दीपक मल्होत्रा, राजेशकाजी श्रेष्ठ, राजुबाबु श्रेष्ठ, सुरेशलाल श्रेष्ठ, विजय राजभण्डारी, आनन्द बगरिया, प्रदीप श्रेष्ठ, कुशकुमार जोशी, भवानी राणा, सुरज वैद्य, शशी अग्रवाल, सुरहित ज्योती, प्रकाश डोटेल, शतिश शर्मा, सुदीप आचार्य, डा. राजेन्द्र केसी, योगेन्द्र शाक्य, शेरसिंह श्रेष्ठ, सुमन पाण्डे, हेमन्त गोल्छा, दीपक दहाल, शंकर घिमिरे, क्याबिनेट श्रेष्ठ, हेमराज ढकाल, संगीता श्रेष्ठ, ज्योत्सना श्रेष्ठ, वीरेन्द्रराज पाण्डे र हरिभक्त शर्मा सहभागी थिए ।

उनीहरूले संविधान संशोधन र आर्थिक सुधारका सुझावहरूसमेत प्रस्तुत गरेका थिए । संविधान संशोधनलाई केवल राजनीतिक विषय नभई आर्थिक सुधार, लगानी सुरक्षा, कानुनी स्पष्टता, सुशासन र निजी क्षेत्रप्रतिको दृष्टिकोण परिवर्तन गर्ने अवसरका रूपमा हेरेको उनीहरूको राय थियो । आर्थिक स्थायित्व, लगानीमैत्री वातावरण, कानुनी स्पष्टता, सुशासन र निजी क्षेत्रप्रति सम्मानजनक दृष्टिकोण आवश्यक रहेको उनीहरूले सुझाव दिए ।

यस्तै, संविधानको प्रस्तावनामा 'समाजवाद उन्मुख व्यवस्था' भन्ने शब्द अस्पष्ट भएकाले यसलाई 'प्रतिस्पर्धात्मक, खुला र नवप्रवर्तनमुखी बजार अर्थतन्त्र' लेखिनुपर्ने उनहरूको सुझाव थियो । यस्तै, निजी क्षेत्रलाई राज्यको प्रमुख आर्थिक साझेदारका रूपमा संवैधानिक मान्यता दिनुपर्ने उनहरूको साझा राय थियो । उद्योग वा परियोजना सञ्चालनका लागि धेरै निकायबाट अनुमति लिनुपर्ने झण्झट हटाउन माग राख्दै लगानी स्वीकृति, जग्गा, वातावरण, वनलगायतका प्रक्रिया छिटो र स्पष्ट हुनुपर्ने धारणा उनीहरूले प्रस्तुत गरे ।

## हिरासतमा मृत्यु प्रकरणमा १० प्रहरीलाई कारबाही सिफारिस

**काठमाडौं (प्रस)**– सिन्धुलीको इलाका प्रहरी कार्यालय खुर्कोटको हिरासत कक्षमा थुनुवाको मृत्यु भएको घटनामा प्रहरी उपरीक्षकदेखि प्रहरी जवानसम्म १० जनालाई कारबाहीको सिफारिस भएको छ ।

सिन्धुलीको सुनकोशी गाउँपालिका-३ जुम्लीडाँडा बस्ने २३ वर्षीय श्रीकृष्ण विकको हिरासत कक्षमा मृत्यु भएको घटनाको छानबिन गर्न गठित प्रहरी नायब महानिरीक्षक दिनेशकुमार आचार्य नेतृत्वको छानबिन समितिले उनीलाई कारबाही सिफारिस गरेको हो ।

समितिले एक जनालाई सचेत, दुई जनालाई ध्यानाकर्षण, पाँच जनालाई चेतावनीसहित जिम्मेवारीबाट अलग, एक जनालाई नसिहत र एक जनालाई ग्रेड घटुवा गर्न सिफारिस गरेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

समितिले हिरासतमा रहेका व्यक्तिको जीवन सुरक्षालाई उच्च प्राथमिकतामा राखी कार्य गर्न, हिरासत व्यवस्थापन कार्य निर्देशन, २०८१ को पूर्णकार्यान्वयन र कार्य सुनिश्चितता गर्ने डिउटीका समयमा अन्य काममा संलग्न नहुने तथा नियमित निगरानी सुनिश्चित गर्न सुझाव दिएको छ ।


### बिमालेख अभिलेख प्रमाणपत्र हरायो

मिति २०८३/०१/१६ गते कलंकीदेखि थानकोटसम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाणपत्रहरु साथै सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Saraswati Neupane
ठेगाना : Chandragiri-14, Kathmandu, Nepal
बीमालेख नं.: 252101156
कम्पनी : Life Insurance Corporation (Nepal) Ltd.
फोन : 9803664711

### मोटरसाइकल हरायो

मिति २०८३/०१/१३ गते १६:४४ बजेको समयमा का.जि. टोखा न.पा ३ ढलमल पुलमा पार्किङ गरेको अवस्थामा कालो/रातो रंगको बजाज कम्पनीको बा प्र ०२-०२५ प १०९८ नम्बरको Pulsar 220 मोटरसाइकल हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

सवारी धनीः सुजन के.सी.
च्यासिस नं.: MD2A13EX7MCL800
इन्जिन नं.: DKXCML60726
ठेगानाः दुप्चेश्वर गा.पा.४, नुवाकोट
सम्पर्क नं.: 9744385191

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०८०/०२/०८ मा दर्ता भएको प्रा.लि नं.३१३०३७ को सर्व प्रोपर्टिज प्रा.लि नामक कम्पनी यस कार्यालयको मिति २०८३।०२।१२ को निर्णय अनुसार कम्पनी ऐन,२०६३ को दफा १२६(१) बमोजिम खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेजी गरिएको सँचना**

यस कार्यालयमा मिति २०७३/०६/०५ मा दर्ता भएको प्रा.लि नं.१५६१४३ को संकृतन प्रा.लि नामक कम्पनी यस कार्यालयको मिति २०८३।०२।०८ को निर्णय अनुसार कम्पनी ऐन,२०६३ को दफा १२६(१) बमोजिम खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०१/१३ मा दर्ता भएको **प्रा.लि. नं. १८८३११** को **गंगोत्री सरोवोर कन्स्ट्रक्सन प्रा. लि.** को मिति २०८३/०२/१२ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा-०९, फोन नं. ९८४११५३११४**

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०२/१३ गते**

यस कम्पनीको मिति २०८२/०१/१६ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **लेजेन्डरी भेप्स नेपाल प्रा.लि.**को नाम परिवर्तन गरी **श्री लेजेन्डरी क्याफे प्रा.लि. (दर्ता नम्बर ३०९२९६)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०२/११ गतेको निर्णय अनुसार स्विकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### साउदीमा रोजगार

कम्पनी : JAMRAH BAKERY for BREAD
पूर्व स्वीकृति मिति : २०८३/०२/१२ | LT. No. 342692 | चलानी नं. ६०२५६०१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and Unloading Labor | 3 | 0 | 1000 | ४०,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ २० गते (3rd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०

### तु-आवश्यकता

**यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।**

1) Manager -1 (M/F) (Academic qualification for Manager : Bachelor Passed)
2) Accountant -1 (M/F)
3) Documentation In Charge -1 (M/F)
4) Documentation -1 (M/F)
5) PRO - 5 (M/F)
6) Receptionist - 1 (M/F)
7) Kitchen Staff - 1 (F)

**नोटः +2 Passed, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने, म्यानपावर क्षेत्रमा कम्तिमा २ वर्ष अनुभवीलाई विशेष प्राथमिकता दिइने छ ।**

★ तलब सुबिधा आपसी समझदारीमा तय गरिनेछ
★ आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।

NEW CENTURY INTERNATIONAL RECRUITMENT PVT.LTD.
KMC-09, Sinamangal, Kathmandu, Nepal, Tel +977-1-5928185, Mob : 9712036985/9743228445
E-Mail : newcenturyirsp@gmail.com, Website : www.newcentury.com.np
श्रम ईजाजत नं १८२६/०८२/८३

### अधिकतम खुद्रा बिक्री मूल्य ( MRP ) प्रकाशनको सूचना

**यस लाईफम्यार्टस अटोमोटिभ प्रा. लि. (Lifematters Automotive Pvt Ltd) ले चीनबाट पैठारी देहायको मालवस्तुको अधिकतम खुद्रा विक्रि मुल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

| S.N. | Brand | Models | CC | Unit | MRP (Npr) |
|---|---|---|---|---|---|
| 1 | Chufeng | M31A | Electric | 1 | 29,99,999 |
| 2 | Skyworth | EV10 | Electric | 1 | 56,99,999 |

**विक्रेता फर्मको नाम : लाईफम्यार्टस अटोमोटिभ प्रा. लि.**
**सम्पर्क : ०१४५३९३३१**
**स्थायी लेखा नं : ६१०३०००५५**

### मलेसियामा रोजगार

कम्पनी : SD MULTI RECYCLE SDN BHD
पूर्व स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 342606 | चलानी नं. ६०२५५९८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 1 | 0 | 1700 | ६५,२६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SD MULTI RECYCLE SDN BHD
पूर्व स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 342605 | चलानी नं. ६०२५५९८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 20 | 0 | 1700 | ६५,२६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ २० गते (3rd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com
श्रम ईजाजत नं. ११९७/०७३/०७४

### साउदीमा रोजगार

कम्पनी : UP PURE ESTABLISHMENT | शेवा शुल्कः १०,०००/-
पूर्व स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 342555 | चलानी नं. ६०२५५९७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 2 | 0 | 1000 | ४०,५६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ २० गते (3rd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम ईजाजत नं. १२०८/०७३/०७४

### युएइमा रोजगार

कम्पनी : QIMMAT ALEMAAR TECHNICAL SERVICES CO. L.L.C S.O.C.
पूर्व स्वीकृति मिति : २०८३/०२/११ | LT. No. 342654 | चलानी नं. ६०२५५९९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter (Building/wall) | 5 | 0 | 1500 | ६२,२०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Contruction Labour | 2 | 0 | 1500 | ६२,२०० | | | | | | | |
| 3 | Tile Layer. | 2 | 0 | 1500 | ६२,२०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ २० गते (3rd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com
LIC No. 918/067/68

### कतारमा रोजगारको अवसर

कम्पनी : AL ARBIYA TRADING
पूर्व स्वीकृति मिति : २०८१/०८/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/१२ | LT. No. 315173 | चलानी नं. ६०२२९५११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 5 | 1400 | ५८,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Drivers | 2 | 0 | 1700 | ७०,८१० | | | | | | | |
| 3 | Labour | 3 | 0 | 1000 | ४१,६५५ | | | | | | | |
| 4 | Sales Men | 0 | 5 | 1400 | ५८,३१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ २० गते (3rd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
(9801168467) Surendra kumar Kc, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६६/०६७

### मलेसियामा रोजगार

कम्पनी : MADURA E-COMMERCE SDN. BHD
पूर्व स्वीकृति मिति : २०८३/०२/१२ | LT. No. 342672 | चलानी नं. ६०२५५९८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehouseman | 2 | 0 | 1700 | ६५,२६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ २० गते (3rd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

White Horse International Pvt. Ltd. | Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com


### धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

**सूचना प्रकाशित मिति २०८३/०२/१३**


यस नोवल बहुउद्देश्यीय सहकारी संस्था लि. बाट कर्जा कारोबार गर्ने तपसिलका सदस्यहरूले ऋण कर्जा लिंदा संस्था र ऋणीबीच भएको शर्त कबुलियत लिखत बमोजिम भाखाभित्र कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम बुझाउनुपर्नेमा हालसम्म नतिरी नबुझाएको हुँदा कर्जा चुक्ता गर्न सम्बन्धित ऋणी तथा जमानीकर्तालाई पटक-पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत बेवास्ता गरी संस्थालाई तिर्न बुझाउनुपर्ने रकम नतिरी संस्थासँग भएको शर्त तथा बन्देज उल्लंघन गरेकोले यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस संस्थालाई तिर्न बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ । अन्यथा, उक्त म्यादभित्र सम्पूर्ण रकम चुक्ता भुक्तानी नभएमा सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिन धितो सुरक्षणमा रहेको अचल सम्पत्ति प्रचलित कानून तथा सहकारी नियमावली बमोजिम डाक बढाबढ प्रक्रियामार्फत लिलाम बिक्री गरी संस्थाको लेना रकम असुलउपर गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । साथै, धितो सुरक्षणमा रहेको अचल सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संस्थाले तोकिएको म्यादभित्र संस्थामा सम्पर्क राखी आवश्यक प्रक्रिया पूरा गर्न सक्नेछन् । यसरी लिलाम बिक्री हुँदा समेत धितो सुरक्षण रहेको अचल सम्पत्ति बिक्री हुन नसकी संस्था स्वयंले धितो सकार गर्नुपरेमा वा लिलाम बिक्रीबाट संस्थाको सम्पूर्ण बक्यौता रकम असुलउपर हुन नसकेमा बाँकी रहन गएको रकम कानून बमोजिम ऋणी तथा जमानीकर्ताको घरघराना एवं अन्य जायजेथाबाट समेत असुलउपर गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**
**ऋणी, जमानीकर्ता तथा धितो सुरक्षण रहेको सम्पत्तिको विवरण**

**ऋणिको नामः रोहिता इङनाम तुम्वाहाङफे**
**उमेरः** ५८ बर्ष
ना. प्र. नं. २५३/५०३० तेह्रथुम
**पतिको नामः** तेज बहादुर इङनाम
**ससुरोको नामः** शेर बहादुर इङनाम
**स्थायी ठेगानाः** तेह्रथुम, जिल्ला साविक इवा- ०४,
**हालको ठेगानाः** का. न. पा. ३२, काठमाण्डौं



**जमानीकर्ताको विवरण**
**१. तेज बहादुर इङनाम**
**उमेर** : ६२ बर्ष
ना. प्र. नं.: ४४१-३१३०, तेह्रथुम
**बाबुको नामः** शेर बहादुर इङनाम
**बाजेको नामः** टेक बहादुर इङनाम
**स्थायी ठेगानाः** तेह्रथुम, जिल्ला साविक इवा-०४,
**हालको ठेगानाः** का.न.पा. ३२, काठमाण्डौं



**कर्जा सुरक्षण रहेको सम्पत्तिको विवरण**
१. शेर बहादुर इङनामको बुहारी तेज बहादुर इङनामकी पत्नी रोहिता इङनाम (तुम्वाहाङफे) को नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेष्ता रहेको, भक्तपुर जिल्ला, साविक भिमसेन वडा नं.२, हाल मध्यपुर ठिमी न.पा.वडा नं.७ मा पर्ने कित्ता नं.५२८ क्षे.फ. ०-०-०-०(११५.५० ब.मि.) जग्गा कित्ता-१ तथा सोले चर्चेको लिगलगापत समेत रहेको अचल सम्पत्ति कर्जा सुरक्षण बापत धितो राखिएको ।

**लिलाम हुने मिति तथा समयः** मिति २०८३/२२/२९ गते दिनको १०.०० वजे देखि ४:०० बजे सम्म
**स्थानः** नोवल बहुउद्देश्यीय सहकारी संस्था लि.को कार्यालय, मानभवन, ललितपूर
**थप जानकारीका लागि कार्यालय समयभित्र संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।**

**नोवल बहुउद्देश्यीय सहकारी संस्था लि.**
**मानभवन ललितपुर ०१-५००८२४५, ५४२८०१९**

# उच्च रक्तचापका बिरामी बढ्दै

**काठमाडौं (प्रस)–** अस्वस्थकर खानपानका कारण उच्च रक्तचापका बिरामी बढिरहेको पाइएको छ। वयष्क नेपालीमा उच्च रक्तचापको दर २४.५ प्रतिशत रहेको छ।

स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखा निर्देशक डा. अनुज भट्टचनले अत्यधिक नुन र हानिकारक चिल्लो पदार्थको खानपान शारीरिक निष्क्रियता, धूमपान तथा मद्यपानको बढ्दो प्रयोग, मानसिक तनाव, वायु प्रदूषण तथा सहरीकरणजस्ता कारणहरूले उच्च रक्तचापको जोखिम निरन्तर बढिरहेको बताए।

नेपालमा कूल मृत्युको करिब ७० प्रतिशत हिस्सा नसर्ने रोगहरूले ओगटेको छ। यसरी हुने मृत्युमध्ये मुटु तथा रक्तनलीसम्बन्धी रोगबाट २७.३६ प्रतिशत रहेको छ। विश्व स्वास्थ्य संगठनका अनुसार विश्वभर करिब १.४ अर्ब मानिस उच्च रक्तचापबाट प्रभावित छन्। यो संख्या निरन्तर बढ्दो छ।

उच्च रक्तचाप प्रभावित व्यक्तिमध्ये ठूलो हिस्सा आफ्नो रोगको अवस्थाबारे अनभिज्ञ हुनु हो। विभिन्न उपायले उच्च रक्तचाप नियन्त्रण गर्न सकिने हुँदाहुँदै चारमध्ये एक जनाकोमात्र रक्तचाप नियन्त्रणमा रहेको छ।

दैनिक कम्तीमा ३० देखि ४५ मिनेट शारीरिक व्यायाम गर्ने, धूमपान तथा मद्यपानबाट टाढा रहने, पर्याप्त निद्रा र तनाव व्यवस्थापनमा ध्यान दिनसमेत स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले आग्रह गरेको छ।

## सर्पदंशबाट बच्न आग्रह

मन्त्रालयले सर्पदंशबाट बच्न आग्रह गरेको छ। गर्मी बढेसँगै सर्प दुलोबाट निस्कने र मानिसलाई टोक्ने भएकाले सर्पदंशबाट बच्न मन्त्रालयले आग्रह गरेको हो। मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले गर्मी महिनामा सर्प बाहिर निस्कने भएकाले सतर्क रहन आग्रह गरे। उनले भने, 'नेपालमा गोमन, राजगोमन, करेत, मुगा, बाघेजस्ता विषालु सर्प रहेका छन्। यस्ता सर्पको टोकाइबाट बच्न सबैमा आग्रह छ।'

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा. अनुप बाँस्तोलाले गर्मी बढेसँगै अस्पतालमा सर्पदंशका बिरामी बढी आउने गरेको बताए। उनले काभ्रे, धादिङ, तनहुँ, रामेछाप, दोलखालगायत जिल्लाबाट सर्पदंशका बिरामी धेरै आउने गरेको जानकारी दिए।

सर्पले टोकिहाले डसेको ठाउँलाई चल्न नदिई स्थिर राख्न, सर्पले डसेको ठाउँमा काट्ने, चुस्ने, बाँध्नेजस्ता कार्य नगर्न, कुनै पनि मल्हम, रासायनिक पदार्थ, तातोचिसो प्रयोग नगर्न, बिरामीको आत्मविश्वास कायम राख्ने, डस्ने सर्पको पहिचान गर्ने र बिरामीलाई जतिसक्दो चाँडो अस्पताल पुर्‍याउन डा. बाँस्तोलाले आग्रह गरे।

उनका अनुसार सर्पदंशबाट बच्नका लागि राति हिँड्नु परे टर्च लाइट लिएर हिँड्ने, जुत्ता वा गमबुट लगाउने, खुट्टा राम्ररी छोप्ने बाक्लो पाइन्ट लगाउने, घरवरपरको घाँस, झारपात काटेर सफा राख्नेजस्ता उपायबाट अपनाउनुपर्दछ।

त्यस्तै डा. बाँस्तोलाले काठ, ढुंगा, टुटेफुटेको सामानको थुप्रा हटाउने, जमिनका दुलाहरू टाल्ने, पराल, दाउरा, आदि तान्दा जाँदा होसियारी अपनाउने, सुत्नुअघि ओछ्यान, खाटमुनि र वरपर राम्ररी हेर्ने, झूल टाँगेरमात्र सुत्नेजस्ता उपाय अपनाउन आग्रह गरे।

## धितोमा रहेको सम्पत्ति शिलबन्दी बोलपत्र आव्हानद्वारा बिक्री गरिने बारे प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०८३/०२/१३)

यस बैंकका देहायका शाखा कार्यालयहरुबाट निम्न बमोजिम कर्जा तथा सुविधा लिने ग्राहकहरुले म्याद भित्र कर्जा चुक्ता नगरी लिखित तथा मौखिक तर ताकेता र पत्रपत्रिकाद्वारा सार्वजनिक सूचना गर्दा समेत कर्जा चुक्ता नभएकाले यो सूचना प्रकाशित गरिएको छ। तसर्थ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र बैंकमा आई आफुले उपभोग गरेको साँवा तथा कर्जा चुक्ता गर्ने अघिल्लो दिनसम्मको ब्याज र अन्य लेना रकम समेत चुक्ता गरी धितो सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित ग्राहक र धितो मन्जुरी दिनुहुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै, यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकको अनुकूल समयमा बैंक आफैले सकार गर्न सक्ने ब्यहोरा समेत जानकारी गराईएको छ। यो सूचना बमोजिम ३५(पैंतीस) दिन भित्र चुक्ता नभएमा तपसीलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा प्रचलित कानूनको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन ईच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचनामा तोकिएको मिति वा सो भन्दा अगाडि नै शाखा कार्यालय, पाँचखालमा कार्यालय समयभित्र आईपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। बोलपत्र सुचनामा तोकिएको दिन वा सो दिन सार्वजनिक बिदा परेको भएमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिनमा बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपूवर्क दर्ता हुन आएका बोलपत्र फारमहरु दिनको १:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ। तर बोलपत्रदाताका अनुपस्थितले बोलपत्र खोल्न बाधा पुग्ने छैन। साथै, कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/**संस्**था र सम्बन्धित पक्षलाई यसै सूचनाको आधारमा कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपसीलः**

टेण्डर पेश गर्ने अन्तिम मितिः २०८३ साल असार महिना १७ गते
धितो लिलाम बिक्री हुने मितिः २०८३ साल असार महिना १८ गते
सम्बन्धित कार्यालयः कृषि विकास बैंक लि., शाखा कार्यालय, पाँचखाल
लिलाम हुने कार्यालय तथा स्थानः शाखा कार्यालय बनेपा, काभ्रे।

**१. क) ग्राहकको नामः निजोन एग्रिकल्चर फर्म**, ठेगानाः पाँचखाल ०४, काभ्रे, प्रोप्राईटरको नामः सुनिता लामा, दर्ता भएको कार्यालयः कम्पनी रजिष्ट्रारको कार्यालय, फर्मको दर्ता नं.: २३२६६६/०७६/०७७, पान नं. ६०९७०४१४३, मितिः २०७७/१०/०९

**ख) ग्राहकको नामः सुनिता लामा** ठेगानाः जैशिथोक ०९, काभ्रे हालः मण्डनदेउपुर ११, काभ्रे ना.प्र.नं. ३०/०१/०६७/१४८७९, जारी मितिः २०६७/११/२० जारी भएको कार्यालयः जि.प्र.का., काभ्रे बाबुको नामः विष्णुमान तामाङ बाजे/ससुराको नामः सिताराम तामाङ पति/पत्नीको नाम. तेज वहादुर लामा

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| व्यवसायिक कृषि र घरायसी | सुनिता लामा | काभ्रे | वालुवा | ०६ | १२९३ | २-८-१-१ |

प्रोप्राईटर/साझेदार/संचालकहरुको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | ससुरा |
|---|---|---|---|---|---|
| सुनिता लामा | जैशिथोक ०९, काभ्रे | ३०-०१-०६७-१४८७९ | काभ्रे/२०६७/११/२०/ जिल्ला प्रशासन कार्यालय | तेज बहादुर लामा/ विष्णुमान तामाङ | सिताराम तामाङ |

व्यक्तिगत तथा धितो जमानी कर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकताजारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| तेज बहादुर लामा | जैशिथोक ०९, काभ्रे | ३०३०१०२८/ १७७४८६ | काभ्रे/२०६५/११/२६/ जिल्ला प्रशासन कार्यालय | सिताराम तामाङ | धन बहादुर तामाङ |

**२. ग्राहकको नामः कमला कृषि तथा पशुपंक्षीपालन फर्म,** ठेगानाः मण्डनदेउपुर ११, काभ्रे प्रोप्राईटरको नामः कमला अधिकारी, दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय धुलिखेल काभ्रे, फर्मको दर्ता नं:: १०३२८/०७७/०७८, दर्ता मितिः २०७७/०८/१५ पान नं.: ६१४३४०९९८, मिति २०७७/०८/१५

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | साविक गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| व्यवसायिक कृषि | कमला अधिकारी | काभ्रे | जैशिथोक | ०९ | ७४९ | ०-८-०-० |
| | तारा बहादुर अधिकारी | काभ्रे | जैशिथोक | ०९ | ८९१, ८९४, ८९५, ८९९ | ०-११-३-०, १-१५-०-३, १-८-०-०, १-३-३-२ |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | ससुरा |
|---|---|---|---|---|---|
| कमला अधिकारी | जैशिथोक ०९,काभ्रे | १४७९५६ | काभ्रे/२०६२/११/११/ जिल्ला प्रशासन कार्यालय | तारा बहादुर अधिकारी/ तेज बहादुर बाँनिया | चक्र बहादुर अधिकारी |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| अमित अधिकारी | जैशिथोक ०९, काभ्रे | ३०-०१-७१-१०५९५ | काभ्रे/२०७१/१२/२०/जिल्ला प्रशासन कार्यालय | तारा बहादुर अधिकारी | चक्र बहादुर अधिकारी |

**३. ग्राहकको नामः मिलन कुमार सापकोटा,** ना.प्र.नं. २५२१४, जारी मितिः २०४४/०४/२०, जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय काभ्रे, बाबुको नामः नेत्र प्रसाद सापकोटा बाजेको नामः.......... पति/पत्नीको नाम. तारादेवी घिमिरे सापकोटा

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| घरायसी | तारादेवी घिमिरे सापकोटा | काभ्रे | नयागाँउ | ०१ | १५८१<br>१५८२<br>१५८४ | १-१४-३-१<br>१-१४-२-३<br>२-१०-० |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकताजारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | ससुरा |
|---|---|---|---|---|---|
| तारादेवी घिमिरे सापकोटा | कुशादेवी ०९, काभ्रे | भक्तपुर ६/८६४ | भक्तपुर/२०४४र११र१७/जिल्ला प्रशासन कार्यालय | मिलन कुमार सापकोटा /हरिप्रसाद घिमिरे | नेत्र प्रसाद सापकोटा |

**४. ग्राहकको नामः विवेक राई**, ना.प्र.नं. ३०(०१(०६८(२२३४५, जारी मितिः २०६८र०४र१३, जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय, काभ्रे, बाबुको नामः वेनी बहादुर, बाजेको नामः खड्ग बहादुर राइ, पत्नीको नाम. बिना राई

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| सरल कृषि | विवेक राई | काभ्रे | पाँचखाल | ०४ | १२४६ | ०-१०-०-० |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकताजारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | ससुरा/बाजे |
|---|---|---|---|---|---|
| विना राइ | पाँचखाल ०६, काभ्रे | ३० ०१-०६८-२२४३१ | काभ्रे/२०६८/०४/२५/ जिल्ला प्रशासन कार्यालय | विवेक राइ / रामकृष्ण दनुवार | वेनी वहादुर राई |
| रामकृष्ण दनुवार | पाँचखाल ०६, काभ्रे | १२३९/६०५ | काभ्रे/२०४४/१०/२८/ जिल्ला प्रशासन कार्यालय | कृष्ण वहादुर दनुवार | लाल वहादुर दनुवार |

**५. ग्राहकको नामः मोहनध्वज तामाङ**, ठेगानाः होक्सेवजार वडा नं. ०९ काभ्रे हालः पाँचखाल न.पा. ०८, चिसापानी ना.प्र.नं. ३०-०१-०६६-००८३२, जारी मितिः २०६६/०८/२९ जारी भएको कार्यालयः जि.प्र.का., काभ्रे बाबुको नामः माइला तामाङ बाजे/ससुराको नामः कान्छामान तामाङ पति/पत्नीको नाम. मनिषा थिङ आमाः विष्णँमाया तामाङ

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| सरल कृषि | विष्णुमाया तामाङ | काभ्रे | होक्सेवजार | ०९ | ६१३, ६१५, ६१०, ६१७ | ०-१४-२-१, १-८-१-०, १-१०-३-३, १-०-०-० |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकताजारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | ससुरा |
|---|---|---|---|---|---|
| विष्णुमाया तामाङ | पाँचखाल ०८ | १०३४७८ | काभ्रे/२०५८/०९/११/ जिल्ला प्रशासन कार्यालय | माइला तामाङ / सोभितमान तामाङ | कान्छामान तामाङ |
| मनिषा थिङ | पाँचखाल ०८ | ३० ०१/०६८ /२४७७९ | काभ्रे/२०६८/०७/२८/ जिल्ला प्रशासन कार्यालय | मोहनध्वज तामाङ/ सूर्य वहादुर थिङ | माइला तामाङ |

शर्तहरू :

१. शिलवन्दी बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट रु १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फारम मान्य हुने छैन।
२. लिलामी सूचनामा उल्लेखित कर्जा शिर्षक र नम्बर बोलपत्र फारममा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ। साथै, बोलपत्रको खाम बाहिर कर्जा शिर्षक र नम्बर समेत उल्लेख गरेको हुनु पर्नेछ।
३. रित नपुगेको, न्यूनतम् मूल्य भन्दा कम उल्लेख भएको, तोकिएको मिति र समयमा आई नपुगेको टेण्डर उपर कुनै कारबाही गरिने छैन।
४. कुनै कारण जनाई वा नजनाई टेण्डर स्वीकृति गर्ने वा नगर्ने अधिकार यस बैंकमा सुरक्षित रहने छ।
५. टेण्डर मिति २०८३ साल असार महिना १८ गतेका दिन दिनको १:०० बजे कृषि विकास बैंक शाखा कार्यालय बनेपामा टेण्डर दिने व्यक्ति वा निजको प्रतिनिधिहरुको रोहवरमा वा निजको उपस्थिति नभएमा पनि उपस्थित भएसम्मका व्यक्तिहरुको रोहवरमा खोलिने छ।
६. टेण्डरसाथ आफूले दिन चाहेको मोलको न्यूनतम १०% रकम भुक्तानी दिनु पर्ने हिसाव वा धरौटी वापत शाखा कार्यालय बनेपाको कृषि विकास बैंकको खाता नं. ०२१२६००१२०४२७०१३ मा जम्मा गर्नु पर्नेछ र सोको सक्कल बैंक भौचर/रसिद टेण्डरसाथ राखेको हुनुपर्नेछ।
७. टेण्डर स्वीकृत भएपछि बाँकी रकम ७ (सात) दिन भित्र दाखिल गरी सामान उठाई लैजानु पर्नेछ, घर/जग्गा र सवारी साधनको हकमा नामसारी गरि सक्नु पर्नेछ अन्यथा धरौटी जफत भई उक्त सम्पत्ति पुनः बिक्री गर्न सकिनेछ।
८. आफूले सम्पत्ति लिन दिएको मोल अङ्क र अक्षरमा प्रष्टसँग लेखिएको हुनु पर्नेछ। साथै, उल्लेखित सम्पूर्ण सम्पत्ति वा अलग अलग कित्ता लिने हो सो समेत खुलाई पेश गर्न सकिनेछ।
९. शिलबन्दी टेण्डर खाममा लाहाछाप लगाएको हुनु पर्ने छ।
१०. शिलबन्दी टेण्डर दिने व्यक्तिले नागरिकताको प्रमाणित प्रतिलिपी र संगठित संस्था भए संस्था दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्नेछ। साथै संस्थाको हकमा कम्पनीको छाप, अख्तियारनामा र निजको अख्तियारवाला कर्मचारीको दस्तखत हुनुपर्नेछ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ।
१२. लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाईने छैन।
१३. लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्र खरिदकर्ताले नै व्यहोर्नु पर्नेछ।
१४. अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाडौं**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# मूल्यवृद्धि नियन्त्रणमुखी बजेट बनाऊ

**सरकार बजेटको अन्तिम तयारीमा छ। यसपटक सरकारले बजेटको आकार बढाउनुका साथै कर्मचारीको तलब बढाउने तयारीसमेत गरेको छ। सरकारले बजेटमार्फत विभिन्न कार्यक्रम अघि सार्दा मूल्यवृद्धिको विषयलाई भने ध्यान पटक्कै दिँदैन। विगतमा आर्थिक वर्षको अन्तिममामात्र खर्च गर्ने प्रवृत्ति हुँदा बजेटको नाम नै 'असारे बजेट' भनेर राखिन्थ्यो। जसका कारण बजेटको सही सदुपयोग हुन सकेन।**

**नेपालको बजेटको मुख्य आधार कर हो। करलाई वर्षको अन्तिममा तिर्ने, झण्झटिलो बनाइएको कारण पनि कर आर्थिक वर्षको अन्तिममामात्र तिरिन्छ। यसका कारण विकास बजेटका लागि आउनुपर्ने बजेट पनि असारमामात्र जम्मा हुन्छ। यसले गर्दा निर्माण सामग्रीदेखि विकासका लागि चाहिने अधिकांश सामग्रीको मूल्य यही मौकामा बढाउने गरिन्छ। यसो हुँदा अदृश्यरूपमा महँगी एकैचोटी बढ्छ। हालैमात्र मध्यपूर्वको तनावले पेट्रोलियम पदार्थको मूल्य बढ्यो। यसैलाई कारण देखाउँदै सरकारले सार्वजनिक सवारीसाधनको भाडा बढायो। तर विश्वव्यापीरूपमा पेट्रोलियम पदार्थको मूल्य स्वचालित हुन्छ। अहिले पेट्रोलियम पदार्थको मूल्य घटिसकेको छ। तर नेपालमा न त पेट्रोलियम पदार्थको मूल्य घटेको छ न त सार्वजनिक सवारीसाधनको भाडा नै।**

**स्वचालित मूल्य नहुँदा, अनुगमन नहुँदा र कर प्रणालीमा कठोर बन्दा महँगीले आम नागरिकलाई दिनानुदिन च्याप्दै लगेको छ। यसको मुख्य कारण तोकिएकै समयमा बजेट ल्याए पनि खर्च गर्ने प्रवृत्तिमा सुधार गर्न नसक्नु हो। सरकारले बेरुजु रहेको विषयलाई पनि ठूलो अपराध गरेसरह प्रचार गरेको छ। शून्य बेरुजु भएको स्थानीय सरकारलाई पुरस्कृत गरिहेको छ। खासमा विकास गर्ने र काम गर्ने स्थानीय तहमा बेरुजु हुन्छ नै। जसले कुनै पनि काम गर्दैन त्यहाँ न त प्रगति हुन्छ न त बेरुजु नै।**

**बेरुजु बढ्नुका मुख्य कारण समयमै विकास बजेट निकासा नहुनु र निर्माण सामग्री महँगिनु पनि हो। यी विषयलाई सम्बोधन गर्ने गरी बजेटमा कर प्रणालीलाई चुस्त र दुरुस्त बनाउनुपर्ने आजको आवश्यकता हो। जनतालाई अग्रिम कर तिर्न सरकारले प्रोत्साहन गर्नुपर्छ। यसैगरी कर तिर्ने प्रणालीमा पनि सुधार ल्याउनुपर्छ। यसो गरेमा विकास बजेट पहिले नै तयार हुने र समयमै विकासका योजना सम्पन्न हुँदा सरकारलाई थप भार पर्दैन। यसरी सन्तुलन कायम हुँदै जाँदा महँगी नियन्त्रणमासमेत सरकार सफल हुन जान्छ। त्यसैले यही बजेटबाट थिति बसालौं।**

श्रम सरोकार

## विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन्। आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो। कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ। फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ।

### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न। स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ।

### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ। काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ। कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ। याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ।

### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ। उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन। अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ। याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ।

# सार्वजनिक खर्चमा सुधारको आवश्यकता



❑ गम्भीरबहादुर हाडा

"लोकतान्त्रिक शासन प्रणालीमा जवाफदेहिता सर्वाधिक महत्त्वको विषय हो। राज्यको स्रोत साधन र शक्तिको प्रयोग जवाफदेहितापूर्ण ढंगले गर्न गराउन सकेमात्र नतिजामूलक राज्य प्रणाली स्थापित हुन सक्छ। सीमित शासन, नतिजा प्राप्ति र पुस्ट्याइँको साथै सरोकारवालालाई जवाफ दिनु जवाफदेहिता हो। जवाफदेहिताका संवैधानिक, कानुनी र संस्थागत व्यवस्थाका बाबजुद नेपालमा स्वतःस्फूर्त जवाफदेही हुनेभन्दा बाध्यात्मक र औपचारिकतामा सीमित छ। प्रदेश र स्थानीय तहमा पद्धति स्थापित भई अपेक्षाकृत क्रियाशील हुन सकेको छैन।"

सार्वजनिक वित्त व्यवस्थापनले अर्थतन्त्रमा समष्टिगत स्थायित्व कायम गर्न, वित्तीय पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिता कायम गर्न जोड दिएको छ। यसैगरी साधन स्रोतको सही र उच्चतम् उपयोग गर्न, सार्वजनिक नीतिको कार्यान्वयन गर्न, आर्थिक अनुशासन र स्वच्छता कायम गर्न, विकास योजना र कार्यक्रम सञ्चालन गर्न, साधन स्रोतको सन्तुलित र समतामूलक वितरण गर्न र अनुगमन एवं नियन्त्रण प्रणाली व्यवस्थित गर्न यसले जोड दिएको छ।

सरकारले राज्य सञ्चालनका लागि आवश्यक विभिन्न खर्च व्यहोर्ने गर्दछ र जनकल्याण तथा विकासका लागि पनि खर्च गर्दछ। यसलाई नै सार्वजनिक व्यय भनिन्छ। यसअन्तर्गत सरकारले विभिन्न क्रियाकलापहरूमा विभिन्न प्रयोजनका लागि व्यहोर्ने सबै खर्चका रकमहरू समावेश हुन्छ। सार्वजनिक व्ययको परिभाषा र परिधिमा परिवर्तन आएको छ।

सार्वजनिक खर्च यातायात र सञ्चार जस्ता आर्थिक विकासका आधारभूत आधारशीलाहरूसँगसम्बन्धित गतिविधिहरूको निर्माण र उत्थान गर्न, कृषि, उद्योग एवं वाणिज्यको विकासमा सहयोग पुऱ्याउने हेतुले विकासात्मक कार्यक्रमहरू र आयोजनाहरू सञ्चालन गर्न, प्राकृतिक साधन र स्रोतहरूको उत्थान र परिचालन गरी राष्ट्रिय उत्पादनको दरमा वृद्धि ल्याउन गरिएको हुन्छ। यसैगरी विद्युत्, पिउनेपानीजस्ता सार्वजनिक वस्तुको निर्माण गरेर नागरिकलाई सेवा सुविधाहरू उपलब्ध गराउन, उत्पादन वृद्धि गर्न सुरक्षात्मक प्रबन्ध र जीवनस्तरमा वृद्धि गर्न पनि सार्वजनिक व्ययको बढी महत्त्व छ। सार्वजनिक खर्च साधारण (चालु) खर्च, पुँजीगत र वित्तीय व्यवस्था गरी तीन शीर्षकमा हुने गर्दछ।

लोकतान्त्रिक शासन प्रणालीमा जवाफदेहिता सर्वाधिक महत्त्वको विषय हो। राज्यको स्रोत साधन र शक्तिको प्रयोग जवाफदेहितापूर्ण ढंगले गर्न गराउन सकेमात्र नतिजामूलक राज्य प्रणाली स्थापित हुन सक्छ। सीमित शासन, नतिजा प्राप्ति र पुस्ट्याइँको साथै सरोकारवालालाई जवाफ दिनु जवाफदेहिता हो। जवाफदेहिताका संवैधानिक, कानुनी र संस्थागत व्यवस्थाका बाबजुद नेपालमा स्वतःस्फूर्त जवाफदेही हुनेभन्दा बाध्यात्मक र औपचारिकतामा सीमित छ। प्रदेश र स्थानीय तहमा पद्धति स्थापित भई अपेक्षाकृत क्रियाशील हुन सकेको छैन।

सार्वजनिक पदमा रहेको पदाधिकारीले आफूलाई प्राप्त अधिकार, शक्ति र स्रोतको प्रयोग गरी गरिएको निर्णय वा कार्यसम्पादन सम्बन्धमा सरोकारवालासामु जवाफ दिनुपर्ने दायित्व नै सार्वजनिक उत्तरदायित्व हो। उत्तरदायित्व एकातिर जिम्मेवारी निर्वाह गर्नुपर्दछ भने अर्कोतर्फ जिम्मेवारी निर्वाह गर्ने क्रममा प्रयोग गरिएका अधिकार शक्ति र स्रोतको औचित्यता पुष्टि गर्न सरोकारवालालाई जवाफ दिनुपर्दछ। जवाफदेहिताभित्र केन्द्रित हुने विषयहरूमा शक्तिको प्रयोगप्रतिको जवाफदेहिता, कार्यसम्पादन र उपलब्धिप्रतिको जवाफदेहिता, वित्तीय साधनप्रतिको जवाफदेहिता, कार्यव्यवहार, आचरण र नैतिकताप्रतिको जवाफदेहितालगायत पर्दछ।

चालु आर्थिक वर्ष २०८२/८३ सकिन करिब डेढ महिनामात्र बाँकी हुँदा पुँजीगत बजेट खर्च २९ प्रतिशतको हाराहारीमा सीमित भएको देखिएको छ। चालु बजेटमा पुँजीगत खर्चका लागि चार खर्ब सात अर्ब रूपैयाँ विनियोजन भएको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार जेठ ११ गतेसम्म एक खर्ब १९ अर्ब ९८ करोड रूपैयाँ खर्च भएको छ। यो पुँजीगततर्फ विनियोजित कूल बजेटको २९.५४ प्रतिशत हो। जबकि, गत आवको सोही अवधिमा पुँजीगत खर्च ३६ प्रतिशत भएको तथ्यांक छ।

विश्व बैंकले संरचनात्मक सुधार नहुँदा नेपालको पुँजीगत खर्च निराशाजनक हुँदै गएको उल्लेख गरेको छ। बैंकको प्रतिवेदनअनुसार पछिल्लो पाँच वर्ष (सन् २०२० देखि २०२४ सम्म) पुँजीगत बजेट विनियोजनको करिब ६० प्रतिशतमात्र खर्च भएको छ। जबकि सन् २०१२ देखि २०१९ सम्म पुँजीगत बजेट विनियोजनको ७४ प्रतिशत खर्च भएको थियो। प्रतिवेदनले पुँजीगत बजेट खर्चमात्र होइन, विनियोजनमा पनि सन् २०२१ पछि ठूलो परिमाणमा कटौती हुँदै गएको तथ्यांक प्रस्तुत गरेको छ।

पुँजीगत खर्च कम देखिनुले विकास निर्माणका कार्यहरू ठप्प प्रायः रहेको र सरकारी संयन्त्र सुस्त भएको प्रमाणित गर्छ। बजेट निर्माणका बेला ठूला सपना बाँड्ने तर कार्यान्वयनको तहमा पुग्दा 'कछुवा गति' देखाउने प्रवृत्ति नेपाली अर्थतन्त्रको पुरानो ऐंजेरु हो। एकातिर कर्मचारीको तलब, भत्ता र प्रशासनिक कार्यमा राज्यको ढुकुटी रित्तिँदै जाने, अर्कोतिर सडक, पुल, सिँचाइ र जलविद्युत् जस्ता दीर्घकालीन महत्त्वका परियोजनामा रकम खर्च नहुने अवस्थाले मुलुकलाई आर्थिक मन्दीको दुष्चक्रमा फसाउँछ। विकास खर्च नहुनुको अर्थ केवल पूर्वाधार नबन्नुमात्र होइन, यसले बजारमा तरलता (नगद प्रवाह) को अभाव सिर्जना गर्छ। जबसम्म सरकारले पुँजीगत बजेट खर्च गर्दैन, तबसम्म निजी क्षेत्रले पनि काम पाउँदैन र बजारमा माग सिर्जना हुँदैन। यसले अन्ततः रोजगारी सिर्जनामा बाधा पुऱ्याउँछ र युवा जनशक्ति पलायन हुने क्रमलाई थप प्रश्रय दिन्छ।

संघीय सरकारले अपेक्षाकृत खर्च नहुनुमा गत २३ भदौको जेन-जी आन्दोलन र २४ को प्रदर्शनलाई कारण देखाइरहेको छ। बजेट कार्यान्वयनका हिसाबले प्रदेश सरकारको अवस्था पनि निकै कमजोर छ। महालेखापरीक्षक कार्यालयले हालै प्रकाशित गरेको ६३औं वार्षिक प्रतिवेदनमा उल्लेख गरेअनुसार आर्थिक वर्ष २०८१/८२ सम्म मुलुकको बेरुजु रकम सात खर्ब ५५ अर्ब रूपैयाँबराबर पुगेको छ। आव २०८१/८२ मा संघीय, प्रदेश, स्थानीय तह/संगठित संस्था र संघीय कानुनद्वारा तोकिएका अन्य संस्था तथा समितिको गरी ९४ खर्ब १४ अर्ब ५० करोड रूपैयाँबराबरको लेखापरीक्षण गरिएको थियो। कार्यालयका अनुसार गत भदौ २३ र २४ को जेन-जी आन्दोलन र घटनाका कारण १७९ कार्यालय तथा निकायको लेखापरीक्षण नै हुन सकेन। ती कार्यालय तथा निकायको लेखा र सोसम्बन्धी श्रेस्ता पेस नभएको तथा कागजात जलेका कारण एक खर्ब ४७ अर्ब ९० करोड रूपैयाँबराबरको लेखापरीक्षण हुन नसकेको हो। प्रतिवेदनअनुसार गत आवमा संघीय सरकारी कार्यालयतर्फ ५३ अर्ब ४९ करोड, प्रदेशतर्फ पाँच अर्ब २३ करोड, स्थानीय तहतर्फ १९ अर्ब पाँच करोड, समिति र अन्य संस्थातर्फ १० अर्ब ३२ करोड रूपैयाँबराबरको बेरुजु कायम भएको छ। विगतको बेरुजुको सम्परीक्षणबाट र यस वर्ष भएको फर्स्योटबाट १४ अर्ब ६३ करोड रूपैयाँबराबर असुल भएको प्रतिवेदनमा उल्लेख छ।

सरकारी/सार्वजनिक खर्चमा पारदर्शिता, आर्थिक मितव्ययिता र वित्तीय अनुशासन कायम नहुँदा बेरुजु रकम बर्सेनि बढ्दै गएको छ। महालेखाले पछिल्लो समय आवधिक बेरुजु र कारबाही गरी टुंगो लगाउनुपर्ने रकम भने बेरुजुलाई दुई शीर्षकमा विभाजन गर्ने गरेको छ। जसअनुसार आवधिक बेरुजु सात खर्ब ५५ अर्ब १७ करोड रूपैयाँ हो भने कारबाही गरी टुंगो लगाउनुपर्ने रकम सात खर्ब ८७ अर्ब ८६ करोड रूपैयाँ देखिन्छ। महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको वार्षिक लेखा परीक्षण प्रतिवेदनअनुसार आव २०८१/८२ को मात्रै बेरुजु ८८ अर्ब नौ करोड ११ लाख रूपैयाँ छ। यो अघिल्लो वर्षको तुलनामा भने केही कम हो। आव २०८०/८१ को बेरुजु ९१ अर्ब ५९ करोड ७९ लाख रूपैयाँ थियो।

उपरोक्त तथ्यांकहरूले मुलुकको सार्वजनिक खर्चमा समस्या रहेको प्रस्ट हुन्छ। यसको सुधार सरकारले ल्याउने आगामी आर्थिक वर्षको बजेटबाटै सुरु गरिनुपर्छ। सबैभन्दा चासोको विषय बनेको पुँजीगत खर्चमा देखिएका प्रमुख समस्या तथा चुनौतीहरूको निराकरणका लागि निम्न सूत्रहरू उपयोगी बन्न सक्छ।

सदाचार पद्धतिका मूल्यहरूको निर्धारण: वैधानिकता, नैतिक नेतृत्व, सेवाभाव, निष्पक्षता, स्वच्छता, इमान्दारिता, स्वार्थरहितता, कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व, समानता र समता।

सदाचारका पूर्वाधारहरू: संस्थागत कार्यविधिको निर्धारण, नैतिक शिक्षा र नैतिक सचेतनाको विकास, कार्यवधि र प्रक्रियामा सरलता र स्पष्ट कानुनी व्यवस्था, आचारसंहिताको व्यवस्था, भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनसम्बन्धी कानुनी, संस्थागत व्यवस्था, आचरण र सदाचार प्रवर्द्धन तालिम, सूचनाको हकसम्बन्धी कानुन, सुसेली संवाहक कानुन, सूर्यप्रकाश नीति, आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था, राष्ट्रिय सदाचार नीति, सदाचार हेर्ने अधिकारी, अनुगमन तथा मूल्यांकनको व्यवस्था।

आचरणगत व्यवहार: समय पालना र सार्वजनिक, स्वार्थ बाझिएको विषयमा संलग्न नरहने, उच्च नैतिक व्यवहारको प्रदर्शन, समयको पालना र न्यायिक मनको प्रयोग, संविधान, कानुन र पेसागत मूल्यमान्यताको पालना, साधन स्रोतहरूको सही र इमान्दारीपूर्वक प्रयोग गर्ने।

चालु खर्चलाई वाञ्छित सीमामा राखी पुँजीगत खर्चको हिस्सा बढाउन नसकिएको, पुँजीगत खर्च कूल बजेटको करिब २५ प्रतिशत जतिमात्र विनियोजन गरिने, विनियोजनको पनि दुई-तीन प्रतिशत जतिमात्र खर्च हुने तथा ठूलो हिस्सा आर्थिक वर्षको अन्त्यमा खर्च हुने गरेको समस्यालाई सम्बोधन गर्ने।

पर्याप्त पूर्वतयारी गरेरमात्र आयोजना कार्यान्वयनमा लैजाने, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण तथा साइट क्लियर गरेर मात्र बजेट विनियोजन गर्ने। तीनवटै तहमा आयोजना व्यवस्थापन निर्देशिका लागू गर्ने, आयोजना बैंक तयार गरी प्रभावकारी कार्यान्वयन गर्ने।

पाठक मञ्च

# भाषा परीक्षा पास हुनु नै अभिशाप बनेपछि...

आफ्नो पसिना र ऊर्जा बुझाउन छिमेकी देश वा खाडी मुलुक जानु त नेपाली युवाको नियति नै बनिसकेको छ। तर, राज्यले तोकेको र कोरियाली सरकारलेसमेत मान्यता दिएको सबैभन्दा वैधानिक र पारदर्शी भनिएको रोजगार अनुमति प्रणाली (इपिएस) परीक्षा उत्तीर्ण गरेर पनि हजारौं युवाहरू कसरी जिउँदै मारिँदै छन् भन्ने तथ्यको प्रतिनिधिपात्रका रूपमा म यो पाठकपत्र लेख्दै छु। कोरियन भाषा परीक्षा पास हुनु हाम्रा लागि खुसीको क्षण हुनुपर्ने थियो, तर आज यो सफलता नै हाम्रो जीवनको सबैभन्दा ठूलो अभिशाप र मानसिक तनावको कारण बनेको छ।

म जस्ता हजारौं युवाहरूले दिनरात नभनी, लाखौं रूपैयाँ र आफ्नो ऊर्जावान् उमेर लगानी गरेर दक्षिण कोरियाको भाषा परीक्षा उत्तीर्ण गऱ्यौं। देशमै केही गर्ने वातावरण नभएपछि काठमाडौंका महँगा इन्स्टिच्युटहरूमा चर्को शुल्क बुझाएर, भोकभोकै भाषा घोकेर परीक्षा पास गर्दा लागेको थियो- अब दुःखका दिन सकिए। तर, वास्तविक पीडा त परीक्षा उत्तीर्ण भएर 'रोस्टर' (कोरिया जाने पर्खाइको सूची) मा नाम चढेपछि मात्र सुरु हुने रहेछ।

श्रम मन्त्रालयकै तथ्यांक हेर्ने हो भने सन् २०२४ मा एक लाख ८१ हजारभन्दा बढी युवाले कोरिया जान आवेदन दिएका थिए, जसमध्ये हामी १८ हजार २८२ जनामात्र कठिन परीक्षा उत्तीर्ण गरेर छानिएका हौं। हामीले कुनै चोरबाटो रोजेका थिएनौं, आफ्नै पौरख र क्षमताले नाम निकालेका थियौं। तर दुर्भाग्य, हामीमध्ये आठ हजार ९१२ जना युवाहरूको रोस्टर अवधि सन् २०२६ भित्रै सकिँदै छ। यो भनेको कोरियाली रोजगारदाताकोमा हाम्रो फाइल एकपटक पनि नपुगी, हाम्रो गल्तीविना नै हामीलाई अयोग्य ठहर गरेर प्रणालीबाट हटाइनु हो।

यो कस्तो विडम्बना हो ? परीक्षा पास गराएर सूचीमा राख्ने, तर दुई वर्षसम्म एउटा फाइल पनि रोजगारदातासम्म नपुऱ्याई समय गुज्रियो भन्दै सपनाको हत्या गरिदिने ? बाजुराका एक जना दाइले तीन-तीन पटक परीक्षा पास गर्दा पनि २५ वर्षदेखि ३३ वर्षको उमेर पुग्दासम्म कोरिया टेक्न पाउनुभएन। कतिपयको रोस्टर अवधि फेब्रुअरीमै सकिइसकेको छ। के यो राज्यले आफ्ना नागरिकमाथि गरेको क्रूर खेलबाड होइन ?

हामी काम माग्न मन्त्री र नेताका दैलो-दैलोमा पुग्यौं। माइतीघरको सडकमा घामपानी नभनी धर्ना दियौं। हिजो निर्वाचनका बेला र संकट पर्दा दुईतिहाइको मत माग्ने र सुशासनका ठूला गफ दिने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को केन्द्रीय कार्यालयसमेत घेराउ गर्न पुग्यौं। विगतमा चार-चार पटक ज्ञापनपत्र बुझाउँदा कसैले सुनेन। बल्लतल्ल संसदीय समितिमा हाम्रो प्रतिनिधि राखेर छलफल गर्ने सहमति भएको थियो, त्यो पनि भएको छैन। अब आश्वासनलेमात्र हाम्रो भोक मेटिँदैन। बूढो हुँदै गएको उमेर रोकिँदैन।

हाम्रो माग स्पष्ट छ- कोरिया सरकारले २०२६ का लागि ई-९ भिसामा ११ हजार कोटा छुट्याएको छ। हामी रोस्टरमा म्याद सकिन लागेका युवाहरूलाई उक्त कोटामा पहिलो प्राथमिकता दिइनुपर्छ। यदि त्यो प्राविधिकरूपमा कठिन हुन्छ भने राज्यले कूटनीतिक पहल गरेर ई-७ (दक्ष कामदार) वा ई-८ (सिजनल भिसा) मार्फत भए पनि हामी योग्य भइसकेका युवाहरूलाई कोरिया पठाउने वातावरण मिलाउनुपर्छ।

हाम्रो समय गयो, उमेर गयो, परिवारको ऋणको भार बढ्दै गयो। अब हामीसँग धैर्यताको बाँध टुटिसकेको छ। निराशाले गर्दा कतिपय साथीहरू चरम मानसिक तनावमा छन्। फ्रस्ट्रेसनले गर्दा युवाहरू जुनसुकै आत्मघाती कदम चाल्न पनि बाध्य हुने स्थिति आइसकेको छ। के राज्यले हाम्रा शवहरू गनेरमात्र यो समस्याको समाधान खोज्ने हो ?

यस पाठकपत्रमार्फत म सरकार, श्रम मन्त्रालय र सम्बद्ध सरोकारवाला निकायलाई गम्भीर बन्न आग्रह गर्दछु। हाम्रा फाइलहरू रोजगारदातासम्म पुऱ्याउन वैदेशिक रोजगार विभागको इपिएस शाखाले के कूटनीतिक कमजोरी गऱ्यो, त्यसको छानबिन होस्। कोरियाली सरकारसँग अविलम्ब उच्चस्तरीय वार्ता गरी रोस्टरमा रहेका नेपाली युवाहरूको भविष्य सुरक्षित गरियोस्। श्रम बेचेर देश धान्ने रेमिटयान्सको गुड्डी हाँक्ने सरकारले ती श्रमिक बन्न योग्य भइसकेका युवाहरूको रोदन सुन्नैपर्छ।

कि त हामीलाई 'तिमीहरू जान पाउँदैनौ' भनेर सुरुमै भनिदिएको भए हामी विकल्प खोज्थ्यौं, यसरी आशैआशामा झुण्डिएर आफ्नो जिन्दगी बर्बाद त पार्ने थिएनौं ! अब आश्वासन होइन, परिणाम चाहिन्छ।

**- युवराज श्रेष्ठ (परिवर्तित नाम)**
रोस्टरमा परेर पनि कोरिया जान नपाएका युवा

# भारत सरकारबाट प्राप्त १० वटा कैदीवाहक ट्रक हस्तान्तरण

■ प्रभाव संवाददाता




**वीरगञ्ज (प्रस)**– भारत सरकारले उपहारस्वरूप प्रदान गरेको १० वटा कैदी बोक्ने ट्रक मंगलबार हस्तान्तरण गरिएको छ। वीरगञ्जमा आयोजित एक कार्यक्रममा भारतीय महावाणिज्यदूत देवी सहाय मीनाले पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई ती ट्रक औपचारिकरूपमा हस्तान्तरण गरेका हुन्।

सो समारोहमा महावाणिज्यदूत मीनाले भारत-नेपालको जनताबीचको सम्बन्ध सुमधुर बनाउन भारत सरकारले प्रदान गर्दै आएको सहयोगको निरन्तरतास्वरूप १० वटा ट्रक उपलब्ध गराइएको बताए। उनले भारत-नेपालबीचको कूटनीतिक सम्बन्ध र जनता-जनताबीचको सम्बन्ध थप मजबुत बनाउने विश्वास व्यक्त गरे।

पर्साका प्रमुख जिल्ला अधिकारी दाहालले भारतबाट उपहारस्वरूप ट्रक प्रदान गरिएकोप्रति आभार व्यक्त गरे। उनले दुई देशबीचको पारस्परिक सम्बन्ध विस्तार र लाभदायी हुने सहयोगको प्रशंसा गरे।

यसअघि गत फागुनमा भएको प्रतिनिधिसभा निर्वाचनका लागि भारत सरकारले एसयुभी, पिकअप र ट्रकसहित करिब ६४० वटा सवारीसाधन उपहारस्वरूप प्रदान गरेको थियो। भारत सरकारले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनालगायत सुरक्षा निकायहरूलाई दुई हजारभन्दा बढी सवारीसाधन प्रदान गरिसकेको कार्यक्रममा जानकारी दिइयो।

# गलत बयान दिने तीन जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर

**काठमाडौं (प्रस)**– अख्तियार दुरूपयोग अनुसन्धान आयोगले घूससम्बन्धी मुद्दामा प्रतिकूल बकपत्र गरेको अभियोगमा तीन जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

सरकारी साक्षीका रूपमा उपस्थित गराइएका तीन जनाले गलत बयान दिएको भन्ने आयोगको आरोप छ। आयोगले उनीहरूलाई विशेष अदालतमा यसअघि नै दर्ता भएको एक मुद्दामा साक्षीका रूपमा उपस्थित गराएको थियो। सरकारी साक्षीका रूपमा उपस्थित प्रल्हाद गौतम, विप्लव पोखेल र राजेश श्रेष्ठले अनुसन्धानका क्रममा सहयोग नगरेको र गलत बकपत्र दिएको आयोगको दाबी छ।

गत वैशाख २५ गते विशेष अदालतमा बकपत्र गर्दा अनुसन्धान अधिकृतसमक्ष गरेको बयान प्रतिकूल हुनेगरी बयान दिएको पुष्टि भएको छ।

आयोगले स्याङजा पुतलीबजारका विप्लव पोखरेलविरुद्ध ५६ हजार ३५० रूपैयाँ, हेटौंडा उपमहानगरपालिकाका प्रल्हाद गौतमविरुद्ध ३७ हजार ५०० रूपैयाँ र सिन्धुपाल्चोक त्रिपुरासुन्दरीका राजेश श्रेष्ठविरुद्ध २७ हजार ३५० रूपैयाँबराबरको बिगो मागदाबी गरेको छ। उनीहरूले सो बराबरको रकम ढुण्डिराज दाहाललाई घूसबापत दिएका थिए। दाहाल यसअघि नै घूस लिएको अभियोगमा पक्राउ परेका थिए।

# नारायणी नदीमा आपत्कालीन तटबन्ध निर्माण गरिने

**चितवन (प्रस)**– नारायणी नदी किनारमा वर्षात्मा बाढीले क्षति पुर्‍याउन सक्ने ठाउँमा आपत्कालीन तटबन्ध गर्न बोलपत्र आह्वान गरिएको छ। सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना भरतपुरले चितवनतर्फको भागमा तटबन्ध गर्न १६ करोड ५० लाख रूपैयाँबराबरको बोलपत्र आह्वान गरेको हो।

आयोजनाका सूचना अधिकारी सागर पौडेलका अनुसार तीन प्याकेजमा बोलपत्र आह्वान गरिएको छ। भरतपुर महानगरपालिका-१६ को सिद्धिगणेश मन्दिर नजिक तटबन्ध गर्न बोलपत्र आह्वान गरिएको छ। यस्तै महानगरपालिका-१७ को मजुवा र बाढीको बढी जोखिम देखिएका ठाउँमा तटबन्ध गर्ने तयारी छ।

सूचना अधिकारी पौडेलका अनुसार आउँदो वर्षको जेठ २५ गतेसम्म काम सम्पन्न गर्ने गरी बोलपत्र आह्वान गरिएको हो। सिद्धिगणेश मन्दिर वरपर तटबन्ध भत्किएको छ भने मजुवा क्षेत्रमा तटबन्ध गर्न बाँकी छ।

यो बजेटबाट ५०० मिटर मर्मत एवं नयाँ तटबन्ध निर्माण गरिने छ। यसअघि चितवनतर्फको ३५ किलोमिटर नारायणी किनारमध्ये २० किलोमिटर क्षेत्रमा तटबन्ध हुँदै छ। यसै आर्थिक वर्षमा मनसुनजन्य विपत् शीर्षकमा पाँच करोड रूपैयाँको लागतमा भरतपुर महानगरपालिका-२८ को तामाङ टोलमा तटबन्धको काम भइरहेको छ।

वर्षात्मा नारायणीमा पानीको सतह बढेसँगै हुन सक्ने क्षतिको आकलन गरी तटबन्ध मर्मत र नयाँ टतबन्ध निर्माणका लागि बजेट निकासा गरिएको हो। निर्वाचनको समयमा चितवन क्षेत्र नम्बर ३ मा मतदाताकहाँ पुग्दा कानुनमन्त्री सोविता गौतमसँग नदी तटीय क्षेत्रका बासिन्दाले तटबन्धको माग गरेका थिए।

मन्त्री गौतमले नारायणी नदी तटीय क्षेत्रमा बसोबास गर्ने बासिन्दाले भोगिरहेको जोखिम, बाढीजन्य क्षतिलगायतका समस्याका कारण नारायणी पुलदेखि गोलाघाटसम्मका अत्यन्त जोखिमयुक्त स्थानमा मनसुनबाट हुनसक्ने विपद्को पूर्वतयारीस्वरूप तटबन्ध निर्माण कार्य गर्न लागिएको बताइन्। स्थानीयले पटक-पटक गुनासो तथा ध्यानाकर्षण गराउँदै आएकाले यसलाई मध्यनजर गर्दै संघीय बजेट व्यवस्थापन भई सोमबार बोलपत्र आह्वान गरिएको उनले बताइन्। तटबन्ध गर्न बाँकी रहेका ठाउँमा आगामी वर्ष बजेट विनियोजन गरी काम अघि बढाउन सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराएको उनले जानकारी दिइन्।

## कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना

कम्पनी ऐन २०६३ बमोजिम २०८१/०७/१४ गते **वेस्टवोर्ल्ड टेक्नोलोजी प्रा.लि.** को नामबाट दर्ता भएको प्रा.लि.नं. ३५४६७९ कम्पनीको मिति २०८३/०२/१२ मा बसेको विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रूपमा खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्युक्त आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हकदाबी गर्न सूचित गरिन्छ।

**लिक्विडेटर : शेर बहादुर रोकाया (प्र.प.नं. २८७)**
बबरमहल, काठमाडौं। सम्पर्क: ९८५११६३७२३

## ३५ दिने हकदावी गर्न आउने सार्वजानिक सूचना

२०७६/११/२३ मा दर्ता भएको यस **आर.बि. नमोबुद्ध लेखापढी** तथा **भु सेवा केन्द्र प्रा.लि. (प्रा.लि.नं. २३६०२९/०७६/०७७)** लाई मिति २०८३/०२/११ गते बसेको बिशेष साधारणसभाको निर्णयानुसार यस कम्पनीलाइ स्वेच्छिक खारेजी गर्ने निर्णय गरिएको हुनाले यस कम्पनी प्रति कसैको कुनै प्रकारको आर्थिक लगाएतको दावी भएमा आजको मितिले ३५ दिन भित्र यस कम्पनीको खारेजीकर्ताको कार्यालयमा दावी गर्न आउनु भनि यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ। दावी गर्न आउदा सक्कल प्रमाण सहित आउनु हुन अनुरोध गरिन्छ।

**खारेजीकर्ता (लिक्विडेटर) सन्तोष राना मगर (इजाजत नं. १६५)**
**का.म.न.पा.२९, काठमाडौं सम्पर्क नम्बर (९८१३२४४६५५)**

## सूचना ! सूचना !! सूचना !!!

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यावसाय सञ्चालन गर्न इजाजत प्राप्त यस भैरव ईन्टरनेशनल सर्भिस प्रा. लि. (श्रम इजाजतपत्र ३०७/०५९/०६०) को नाममा वैदेशिक रोजगारमा पढाईदिन्छु भन्दै विभिन्न मुलुक देशहरुमा गैरकानूनी तरीकाले राहदानी संकलन गरी आर्थिक कारोवार गरे/गराएको र केहि कामदार महिला कामदार समेत गैरकानुनी तरीकाले पठाएको भन्ने बुझिन आएकोले यस प्रा. को गम्भीर ध्यानकर्षण भएको छ। त्यस्ता व्यक्ति हरूसँग यस प्रा. लि. को कुनै पनि सम्बन्ध नरहेको यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराउँदै यस प्रा. लि. को नाममा कुनै पनि वैदेशिक रोजगार सम्बन्धी कारोबार नगर्न नगराउन सम्बन्धीत सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। यो सूचना लाई बेवास्था गरी आर्थीक तथा अन्य गैर अपनी तरीकाको कारो बारे गरे गराएमा यस प्रा. लि. जिलेबार नहुने समेत सबैमा सुचित गरीन्छ साथै यास प्रा. लि. सबन्धी कुनै पनि आर्थिक कारोबार गर्दा यस प्रा. लि. को लेखा शाखाबाट मात्र गर्नहुन तथा कुनै पनि देशको मागपत्रे तथा अन्य जानकारी, यस प्रा. लि. को सूचना अधिकारीसँग जानकारी लिएरमात्र गर्नु गराउनु हुन अनुरोध छ।

**भैरब इन्टरनेशनल प्रा.लि.**
गौशाला विजय चोक
सम्पर्क नं. ९८४९२७२१२५
LIC No 307/059/060

## एल.एन मल्टिपर्पोज एण्ड जय प्लेसमेन्ट सर्भिस प्रा. लि. (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना

कम्पनी ऐन, २०६३ को दफा ५ बमोजिम मिति २०७३।१२।३० मा दर्ता भएको प्रा.लि.नं. १६६९८२/०७३/०७४ को एल.एन मल्टिपर्पोज एण्ड जय प्लेसमेन्ट सर्भिस प्रा.लि.लाई खारेजी (लिक्वीडेशन)मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२।१२।२ गते बसेको विशेष वैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**पुर्ण प्रसाद पराजुली लिक्वीडेटर**
**इजाजत पत्र नं. ३८३, मो.नं. ९८५१०२६३३२**

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **MBK Overseas Pvt.Ltd.** इजाजत नम्बर ५४२/०६१/०६२ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निजतसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| नाम थर | ना.प्र.प्र.नं. |
|---|---|
| कुमार दाहाल | ३६/२४८१६ |
| सैलेन्द्र मान सिं कार्की | ३९६९५४६९ |
| सपना दाहाल खनाल | १९-०२-७३-०२५०९ |
| अमृता पौडेल | १६-७४/९९ |
| आशा सुब्बा | २-०१४/८४८ |
| सुनिता श्रेष्ठ | २५३०३८/२२० |

**MBK OVERSEAS PVT. LTD.**
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761,
Bishnu: 9851112074, Ganesh : 9841777604, Rajesh : 9801072971,
Web: www.mbkoverseas.com.np, Email: mbkoverseas@gmail.com


## मलेसियामा रोजगारको अवसर

कम्पनी : ACTIVE NETWORK SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८१/१२/१९ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०२/१२ | LT. No. 321426 | चलानी नं. ६०२३५५३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 1 | 0 | 1700 | ६५,२६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २० गते (3rd June 2026) सम्म हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**A.K. OVERSEAS (PVT.) LTD.**
श्रम इजाजत नं.४९४/०६१/०६२
Nishal Marg, Lazimpat, Kathmandu, Nepal, Tel: 014000027,
Amit Kumar Shrestha 9851085 705, Email: akoverseas494@gmail.com

## साउदीमा रोजगार

कम्पनी : MAKULAT ALARUBA COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०२/१२ | LT. No. 342671 | चलानी नं. ६०२५६०२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1000 | ४०,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २० गते (3rd June 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**FEWA OVERSEAS PVT. LTD**
1559/079/80
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530,
Roshan Raj Mishra 9808655324, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np

## साउदीमा रोजगार

कम्पनी : HAWA NATHRI TRADING EST

पूर्व स्वीकृति मिति : २०८३/०२/०७ | LT. No. 342438 | चलानी नं. ६०२५६०२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Utensils Cleaner | 3 | 0 | 1200 | ४६,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MOHAMMED A. AL RODHAN AND PARTNERS CO.LTD

पूर्व स्वीकृति मिति : २०८३/०२/०७ | LT. No. 342439 | चलानी नं. ६०२५६०२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 5 | 0 | 1800 | ७३,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL FAKHAMA FURNITURE FACTORY COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/१२ | LT. No. 338109 | चलानी नं. ६०२५१६६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture assembler helper | 2 | 0 | 1500 | ६०,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २० गते (3rd June 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | कामदारले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**FAST EMPLOYMENT SERVICE (P) LTD**
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431, 9808155760 Sunita shrestha
9860868244 Madan Bhattarai, E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np
Govt. License 1399/074/75

## युएइमा रोजगार

कम्पनी : ANCHOR ALLIED FACTORY L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०३/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/१२ | LT. No. 326322 | चलानी नं. ६०२४०३७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 31 | 0 | 900 | ३७,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २० गते (3rd June 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**Index Recruitment Pvt. Ltd.**
श्रम ईजाजत नं. 1543/078/079
Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np



## साउदीमा रोजगार

कम्पनी : HIND ALI AL-SHEHRI MAINTENANCE AND CLEANING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/१०/२८ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०२/१२ | LT. No. 338653 | चलानी नं. ६०२५२२६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 4 | 0 | 1000 | ४०,५६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय, काठमाडौंमा मिति: २०८३ जेठ २० गते (3rd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Official Cell : 9702699002, Sanjay Maharjan : 9851324457
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np



## कतारमा रोजगार

कम्पनी : GREAT TECHNIC TRADING CONTRACTINGNG AND CLEANING

पूर्व स्वीकृति मिति : २०८३/०२/१२ | LT. No. 341577 | चलानी नं. ६०२५६०१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 2 | 0 | 3600 | १४९,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 1 | 0 | 2500 | १०४,१३० | | | | | | | |
| 3 | Cashier Supervisor | 0 | 3 | 2500 | १०४,१३० | | | | | | | |
| 4 | Cleaner General | 3 | 0 | 1200 | ४९,९८५ | | | | | | | |
| 5 | Foreman | 8 | 0 | 2500 | १०४,१३० | | | | | | | |
| 6 | Gen. Clean Worker | 0 | 2 | 1200 | ४९,९८५ | | | | | | | |
| 7 | Gypsum Installation Worker | 2 | 0 | 2000 | ८३,३०५ | | | | | | | |
| 8 | Labourer | 2 | 0 | 3000 | १२४,९६० | | | | | | | |
| 9 | Labourer | 6 | 0 | 3000 | १२४,९६० | | | | | | | |
| 10 | Marketing Represnt | 0 | 1 | 3000 | १२४,९६० | | | | | | | |
| 11 | Office Cleaner | 0 | 4 | 1200 | ४९,९८५ | | | | | | | |
| 12 | Receptionist | 1 | 7 | 2500 | १०४,१३० | | | | | | | |
| 13 | Representative | 1 | 0 | 2500 | १०४,१३० | | | | | | | |
| 14 | Representative | 2 | 0 | 2500 | १०४,१३० | | | | | | | |
| 15 | Representive | 2 | 0 | 2500 | १०४,१३० | | | | | | | |
| 16 | Sales Executive | 5 | 0 | 3000 | १२४,९६० | | | | | | | |
| 17 | Salesperson, General | 3 | 0 | 2000 | ८३,३०५ | | | | | | | |
| 18 | Service Agents | 3 | 0 | 2500 | १०४,१३० | | | | | | | |
| 19 | Supervisor | 2 | 0 | 2500 | १०४,१३० | | | | | | | |
| 20 | Worker | 2 | 0 | 1200 | ४९,९८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ २० गते (3rd June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**Lucky Human Resource Pvt.Ltd.**
श्रम ईजाजत नं. १३०२/०७४/०७५
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

# अमेरिकी आक्रमणबीच इरान सम्झौता वार्ता पेचिलो

**वासिङ्टन–** अमेरिकी सेनाले दक्षिणी इरानमा क्षेप्यास्त्र प्रक्षेपण स्थल र खानी बिछ्याउन प्रयोग हुने डुंगामाथि 'आत्मरक्षात्मक' सैन्य कारबाही गरेको जनाएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तेहरानसँगको वार्ता 'सकारात्मक ढंगले अघि बढिरहेको' दाबी गरिरहेकै बेला अमेरिकी सेनाले दक्षिणी इरानमा क्षेप्यास्त्र प्रक्षेपणस्थल र खानी बिछ्याउन प्रयोग हुने डुंगामाथि 'आत्मरक्षात्मक' सैन्य कारबाही गरेको जनाएको छ । यसले युद्धविरामको नाजुक अवस्थाबीच सैन्य तनाव र कूटनीतिक प्रयास एकैसाथ अघि बढिरहेको संकेत गरेको छ ।

अमेरिकी सेनाको सेन्ट्रल कमाण्डका प्रवक्ता क्याप्टेन टिम हकिन्सका अनुसार उक्त आक्रमण 'इरानी सेनाबाट उत्पन्न जोखिमविरुद्ध अमेरिकी सैनिकको सुरक्षा सुनिश्चित गर्न' गरिएको हो । उनले अमेरिकी पक्षले जारी युद्धविरामको अवधिमा संयम अपनाइरहेको दाबी पनि गरे । यद्यपि, इरानबाट उत्पन्न भनिएको खतरा वास्तवमा के थियो, त्यसले जारी वार्तालाई कसरी असर गर्न सक्छ भन्ने विषयमा तत्काल विस्तृत जानकारी सार्वजनिक गरिएको छैन ।

घटनाबारे इरानले औपचारिक प्रतिक्रिया दिएको छैन । यद्यपि, तेहरानले अमेरिकासँग सम्भावित सहमतिबारे जारी छलफलका लागि आफ्नो संसद्का अध्यक्ष मोहम्मद बाघेर कालिबाफलाई कतार पठाएको छ । युद्धका क्रममा इरानी आक्रमणको दबाब खेपेको कतारले इरानसँग सम्बन्धित अर्बौं डलर रकम आफ्ना वित्तीय संयन्त्रमार्फत व्यवस्थापन गर्दै आएको पृष्ठभूमिमा यो संवादलाई अर्थपूर्णरूपमा हेरिएको छ ।

इरानभित्र भने घटनाको प्रभाव देखिन थालेको छ । पूर्वरिभोलुसनरी गार्ड प्रमुख मोहसेन रेजाईसँग निकट मानिने समाचार वेबसाइट तबनाकले अमेरिकी कारबाहीमा चारजना गार्ड सैनिक मारिएको जनाएको छ । उता, इरानी सरकारी टेलिभिजनले हर्मुज जलघाँटी क्षेत्रअन्तर्गत पर्ने बन्दर अब्बास आसपासको सैन्य बन्दरगाह र दोहोरो प्रयोजनका विमानस्थल वरपर विष्फोट भएको खबर दिएको छ ।

यी घटनाले एक सातादेखि कायम युद्धविरामलाई पुनः अस्थिर बनाउने खतरा बढाएको छ । विश्व ऊर्जा आपूर्तिको दृष्टिले संवेदनशील मानिने हर्मुज जलघाँटी अझै पनि इरानको प्रभाव क्षेत्रमा रहेको मानिन्छ। विश्वभर कारोबार हुने कच्चा तेल र प्राकृतिक ग्यासको ठूलो हिस्सा यही मार्गबाट ओहोरदोहोर हुने भएकाले त्यहाँको अस्थिरताले अन्तर्राष्ट्रिय ऊर्जा बजारमा प्रत्यक्ष असर पार्ने चिन्ता कायम छ ।

यता ट्रम्पले इरानसँग सम्भावित सहमतिको दायरालाई थप फराकिलो बनाउन खोजेको देखिएको छ । उनले इरान युद्ध अन्त्य गर्ने कुनै पनि सम्भावित सम्झौतामा साउदी अरेबिया, पाकिस्तानलगायत थप देशहरूलाई पनि 'अब्राहम सम्झौता' मा सहभागी गराउनुपर्ने प्रस्ताव अघि सारेका छन् । ट्रम्प प्रशासनको पहिलो कार्यकालमा सुरु गरिएको यो अमेरिकी मध्यस्थतामा आधारित पहलको उद्देश्य इजरायलसँग सम्बन्ध सामान्यीकरण गर्नु थियो ।

यो प्रस्ताव ट्रम्पमाथि आफ्नै रिपब्लिकन वृत्तभित्रबाट बढिरहेको दबाबकाबीच आएको हो । इरानप्रति अपेक्षाकृत कडा नीति चाहने समूहले सम्भावित सम्झौतामाथि असन्तुष्टि जनाइरहेका बेला ट्रम्पले वार्तालाई क्षेत्रीय कूटनीतिक ढाँचासँग जोड्ने प्रयास गरेको देखिन्छ । उनले साउदी अरेबिया र कतारलाई 'तत्काल हस्ताक्षर गर्नुपर्ने' मुलुकका रूपमा उल्लेख गरेका छन् ।

यसअघि सन् २०२० मा बहराइन र संयुक्त अरब इमिरेट्सले अब्राहम सम्झौतामार्फत इजरायललाई औपचारिक कूटनीतिक मान्यता दिएका थिए । ट्रम्पले सामाजिक सञ्जालमार्फत अमेरिकाले 'जटिल पहेली जोड्न गरेको सम्पूर्ण प्रयासपछि' सम्बन्धित देशहरूले सामूहिकरूपमा यस प्रक्रियामा सहभागी हुनुपर्ने धारणा व्यक्त गरे ।

यो अवधारणा व्यवहारमा उतार्न सहज देखिँदैन । साउदी अरेबियाले दशकौंदेखि इजरायललाई सन् १९६७ अघिको सीमामा फर्किन, पूर्वी जेरुसेलमलाई राजधानी मानेर स्वतन्त्र प्यालेस्टिनी राज्य गठनलाई स्वीकार गर्न आग्रह गर्दै आएको छ । गाजा क्षेत्रमा हमासविरुद्ध इजरायलले अपनाएको सैन्य रणनीतिले खाडी मुलुकहरू र व्यापक मुस्लिम विश्वमा आलोचना बढाएको सन्दर्भले पनि यस्तो पहललाई थप जटिल बनाएको छ ।

पाकिस्तानको सन्दर्भमा पनि प्रश्न उस्तै संवेदनशील छ । प्यालेस्टिनी राज्यको मान्यता इस्लामावादका लागि दीर्घकालीन नीतिगत मुद्दा हो । पाकिस्तान इजरायलसँग औपचारिक कूटनीतिक सम्बन्ध नराख्ने देशमध्ये पर्दछ । इस्लामावादस्थित विश्लेषक सैयद मोहम्मद अलीका अनुसार ट्रम्पको पछिल्लो प्रस्तावका बाबजुद पाकिस्तानको इजरायलप्रतिको आधारभूत नीति अपरिवर्तित रहेको छ।


ट्रम्पले शनिबार विभिन्न नेतासँगको संवादका क्रममा अब्राहम सम्झौताको विषय उठाएको खुलासा गरेको थियो । उनले अधिकांश देश सहभागी हुनुपर्ने तर 'एक वा दुई' देशले अस्वीकार गरे पनि प्रक्रिया अघि बढ्न सक्ने संकेत दिनुभएको छ। इजिप्ट र जोर्डनले पहिल्यै इजरायललाई औपचारिक मान्यता दिइसकेका छन् भने टर्कीले सन् १९४९ मै इजरायललाई मान्यता दिएको थियो ।

अमेरिकाका लागि पाकिस्तानका पूर्वराजदूत मसूद खानले ट्रम्पको सूचीमा समेटिएका देशहरूका लागि यस्तो प्रस्ताव व्यावहारिकरूपमा कति सम्भव छ भन्ने अझै खुला प्रश्न रहेको बताए । उनका अनुसार अब्राहम सम्झौतालाई अचानक वार्ताको एजेण्डामा ल्याइनुले चलिरहेको मध्यस्थता र कूटनीतिक प्रक्रियामा नयाँ तहको जटिलता थपेको छ । उनले यसलाई ट्रम्पले भोगिरहेको आन्तरिक राजनीतिक दबाबसँग पनि जोडेका छन् ।

यद्यपि, मसूद खानका अनुसार कूटनीतिक संवाद पूर्णरूपमा अवरुद्ध भएको छैन । उनले क्षेत्रीय मुलुकहरूको समर्थनसहित पाकिस्तान अहिलेको प्रक्रियाको केन्द्रभागमा रहेको दाबी गरे । इरानसँग सम्भावित सहमति कहिले, कुन स्वरूपमा वा कुन सर्तमा निष्कर्षमा पुग्न सक्छ भन्ने अझै स्पष्ट छैन । तर ट्रम्पले सहमति भए भविष्यमा इरान स्वयं पनि अब्राहम सम्झौतामा सहभागी हुन सक्ने सम्भावना औंल्याए ।

ट्रम्पको पहिलो कार्यकालमा अमेरिकी प्रभावमा विकसित अब्राहम सम्झौताहरू कूटनीतिक, आर्थिक र सुरक्षा सहकार्यको बहुआयामिक ढाँचा मानिन्छन् । यसमा सुडान, मोरक्को तथा पछिल्लो चरणमा कजाकिस्तानसमेत जोडिएको उल्लेख गरिएको छ । *रासस/एपी*

# पाकिस्तानले अस्वीकार गऱ्यो ट्रम्पको प्रस्ताव





**इस्लामाबाद–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको सम्भावित सम्झौतासँग जोडेर पाकिस्तानसहित मुस्लिम तथा अरब मुलुकहरूलाई अब्राहम सम्झौतामा सहभागी हुन आह्वान गरेको केही घण्टामै पाकिस्तानले यस्तो प्रस्ताव आफ्नो 'मौलिक विचारधारा'सँग मेल नखाने भन्दै अस्वीकार गरेको छ। पाकिस्तानका रक्षामन्त्री ख्वाजा मुहम्मद आसिफले इस्लामाबादले आफ्नो आधारभूत राष्ट्रिय दृष्टिकोणसँग बाझिने कुनै पनि सम्झौतालाई समर्थन नगर्ने स्पष्ट पारे ।

पाकिस्तानी सञ्चारमाध्यम समा टिभीसँगको अन्तर्वार्तामा उनलाई अमेरिकी दबाब र कूटनीतिक संकेतपछि पाकिस्तान अब्राहम सम्झौतामा हस्ताक्षर गर्ने सम्भावनाबारे प्रश्न गरिएको थियो । जवाफमा आसिफले आफ्नो व्यक्तिगत तथा राजनीतिक धारणा प्रस्ट पार्दै पाकिस्तानले आफ्नो वैचारिक आधारसँग टकराव हुने कुनै पनि व्यवस्थामा सहभागी हुन नहुने बताए ।

इजरायलसँग सम्बन्ध विस्तारको विश्वसनीयतामाथि प्रश्न उठाउँदै उनले ती पक्षसँग दीर्घकालीन भरोसाको आधार निर्माण गर्न कठिन हुने तर्क गरे । उनले 'जसको शब्दलाई एक दिन पनि विश्वास गर्न नसकिने पक्षसँग कसरी सहकार्य सम्भव हुन्छ ?' भन्ने प्रश्नसमेत गरे ।

पाकिस्तानको दीर्घकालीन नीति दोहोऱ्याउँदै आसिफले इजरायलसँग सम्बन्ध सामान्यीकरणसम्बन्धी अवधारणा आफ्नो देशलाई स्वीकार्य नभएको स्पष्ट गरे । उनले यस विषयमा पाकिस्तानको आधिकारिक र ऐतिहासिक धारणा परिवर्तन नभएको संकेत गरे । रक्षामन्त्री आसिफले पाकिस्तानको पासपोर्ट नीतिलाई पनि आफ्नो तर्कको आधार बनाए । उनका अनुसार पाकिस्तानको पासपोर्टमै इजरायललाई मान्यता नदिने राष्ट्रिय नीति झल्किन्छ । उनले पाकिस्तानको पासपोर्टमा इजरायलको नामसमेत उल्लेख नगरिएको उल्लेख गर्दै यसले इस्लामाबादको संस्थागत नीति र दीर्घकालीन दृष्टिकोण स्पष्टरूपमा प्रतिविम्बित गर्ने बताए ।

यसअघि सोमबार स्थानीय समयअनुसार अमेरिकी राष्ट्रपति ट्रम्पले तेहरानसँगको सम्भावित सहमतिलाई मध्यपूर्वको व्यापक राजनीतिक पुनर्संरचनासँग जोड्दै धेरै मुस्लिम र अरब राष्ट्रहरूलाई अब्राहम सम्झौतामा सामेल हुन आग्रह गरेको थियो । उनले इरानसँगको वार्ता 'राम्रोसँग अघि बढिरहेको' उल्लेख गर्दै क्षेत्रीय तहमा नयाँ कूटनीतिक ढाँचा निर्माणको संकेत गरेको थियो ।

ट्रम्पले आफ्नो सामाजिक सञ्जाल ट्रुथ सोसलमा सार्वजनिक गरेको लामो सन्देशमा प्रस्तावित व्यवस्थालाई मध्यपूर्वका लागि 'ऐतिहासिक घटना' बन्न सक्ने दाबी गरेका छन् । उनले साउदी अरेबिया, कतार, पाकिस्तान, टर्की, इजिप्ट, जोर्डन र बहराइनलगायत मुलुकहरूलाई सामूहिकरूपमा अब्राहम सम्झौतामा हस्ताक्षर गर्न आह्वान गरेका थिए ।

उनले इरानसँगको संवाद सकारात्मक दिशामा अघि बढिरहेको दाबी गर्दै सबै पक्षलाई समेट्ने ठूलो सहमतिमा पुग्ने अवस्था रहने, सहमति नभए सम्झौता नै नहुने चेतावनी दिएका थिए । ट्रम्पका अनुसार कूटनीतिक प्रयास असफल भए क्षेत्र फेरि युद्ध र सैन्य भिडन्ततर्फ फर्किन सक्ने जोखिम रहने छ र त्यो अवस्था पहिलेभन्दा अझ व्यापक तथा शक्तिशाली हुन सक्ने छ ।

ट्रम्पले इरानसँग सहमति सम्पन्न भएपछि साउदी अरेबिया र कतार तुरुन्तै अब्राहम सम्झौतामा सहभागी हुनुपर्ने धारणा राखेका छन् । उनले अन्य देशहरूले पनि त्यसपछि सोही बाटो पछ्याउने अपेक्षा व्यक्त गरेका थिए । अझै अगाडि बढ्दै उनले अमेरिकासँगको वार्ता सफल भए भविष्यमा इरान स्वयं पनि यही ढाँचाको हिस्सा बन्न सक्ने सम्भावना औंल्याए ।

ट्रम्पका अनुसार अब्राहम सम्झौताले यसका सदस्य राष्ट्रहरूलाई आर्थिक, वित्तीय तथा सामाजिक लाभ दिएको छ । उनले संयुक्त अरब इमिरेट्स, बहराइन, मोरक्को, सुडान र कजाकिस्तानलाई यसको उदाहरणका रूपमा उल्लेख गरे । *रासस/एएनआई*

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०७४।१२।१३ मा दर्ता भएको प्रा.लि.नं. १८६४३६ को **के.सि.एस. बिजनेश सोलुशन्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२।११।०७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०२/१३ गते**

यस कम्पनीको मिति २०८३/०१/२० को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एक्मी टेक्निकल इन्स्टिच्युट प्रा.लि**. को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०२/०१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सि.टि.नेट प्रा.लि. (प्रा.लि.नं. ९१८९६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

---

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Kapeel Manpower Pvt.ltd.** इजाजत नम्बर १८५/०५७/०५८ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजतसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| नाम थर | ना.प्र.प्र.नं. |
|---|---|
| मनोज थापा | १००३/१०९ |
| ओमिता श्रेष्ठ | ३०५२/२३५ |
| राजेन्द्र देवकोट | ३७८८ |
| विकास गुरुङ | ३५४४३७० |

**Kapeel Manpower Pvt. Ltd.**
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Official Cell : 9702699002, Sanjay Maharjan : 9851324457
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np
श्रम ईजाजत नं. १८५/०५७/०५८

---

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**स्तर निर्धारण तथा सम्बन्धन महाशाखा, सानोठिमी भक्तपुरको**

## श्री व्यवसायिक प्रशिक्षण केन्द्र का.म.न.पा–२९, काठमाडौंको नाम तथा ठेगाना परिवर्तन संम्बन्धमा ३५ दिने हकदावी उजुरी सम्बन्धी अत्यन्त जरुरी सूचना

**तेस्रो पटक प्रकाशित मिति २०८३/०२/१३**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट छोटो अवधिको Assistant Beautician-390hrs को तालिम सम्बन्धन/स्वीकृति प्राप्त संस्था **श्री व्यवसायिक प्रशिक्षण केन्द्र का.म.न.पा–२९**, काठमाडौंले संस्थाको नाम परिवर्तन गरी **श्री एस्थेटिक्स ब्युटी एकेडेमी** र ठाउँ परिवर्तन (ठाउँसारी गरी **का.म.न.पा ३१, मध्य बानेश्वर, काठमाडौं** कायम गराई पाउँ भनी पेश गरेको निवेदन उपर कारवाही हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०८२/०३/१७ गते बसेको २०९ औं बैठकको निर्णय नम्बर ११७१ बमोजिम गठित कार्यटोली बैठकको मिति २०८२/१२/३० गतेको निर्णयानुसार नाम तथा ठेगाना (ठाउँसारी) परिवर्तन प्रकृया अगाडि बढाउने निर्णय भएकोले उल्लेखित संस्था र सम्बन्धन र स्वीकृत उल्लेखित कार्यक्रम प्रति कोहि कसैको हकदाबी विरोध गुनासो आदि भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स-प्रमाण सहित लिखित जानकारी गराउनुहुन अनुरोध छ । उल्लेखित समयसिमा भित्र कसैको उजुरी नपरेमा नाम तथा ठेगाना (ठाउँसारी) प्रकृया अगाडि बढ्ने र म्याद नाघी आएका दावी विरोध उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सम्पर्कका लागि**
**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद, सानोठिमी भक्तपुर**
**फोन नं. ०१-६६३०४०८, इमेल** : ctevtaccreditation061@gmail.com

---

## कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८३/०२/१३ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८३ जेठ २८ गते विहीबार**का दिन सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**बागबजार**

| ऋणीको विवरण | लिलाम हुने सम्पतिको विवरण: |
|---|---|
| **१. अनोज श्रेष्ठ**<br>ना.प्र.प.नं. ज.ध. ४१६<br>जारी मिति: २०५२/०४/०५, जि.प्र.का धनुषा<br>बाबु- बुद्ध प्रकाश श्रेष्ठ<br>बाजे- जित बहादुर श्रेष्ठ<br>स्थायी ठेगाना- धनकुटा जिल्ला, धनकुटा गा.वि.स/न.पा वडा नं ०६<br>हालको ठेगाना- ललितपुर जिल्ला, ललितपुर न.पा. वडा नं ०९ | १. **अनोज श्रेष्ठ**को नाममा मालपोत कार्यालय दमक झापामा दर्ता कायम रहेको झापा जिल्ला, गौरादह गा.वि.स./न.पा. वडा नं.०४ स्थित कित्ता न. १९५३ र १८२२ को क्षेत्रफल ५७५६.७१ र १८८०.७० (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । |

**कलैया बारा**

**ऋणीहरुको विवरण**

| | |
|---|---|
| १. नेपाल सरकार, वाणिज्य तथा आपुर्ती मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उधोग कार्यालय, कलैया, बारामा मिति २०७०/११/१९ मा प्रा.फ.र.नं. ३०४६/०७०/०७१ कायम भई दर्ता रहेको बारा जिल्ला, कलैया न.पा. वडा नं. ०७ स्थित रजिष्टर्ड कार्यालय रहेको **रोशन ट्रेर्डस ।**<br>**प्रोप्राईटर - कोशिला देवी** | २. **देव कुमार प्रसाद साह**<br>ना.प्र.नं.- बारा ३३२३१३०<br>जारी मिति - २०६३/०८/२३, जि.प्र.का. बारा<br>बाबु - पन्चम लाल साह तेली<br>बाजे - मंगल साह तेली<br>स्थायी ठेगाना- बारा जिल्ला, प्रस्टोका गा.वि.स., वडा नं. ०९<br>हालको ठेगाना- बारा जिल्ला कलैया उ.म.न.पा वडा नं. ०४ |

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. **देव कुमार प्रसाद साह**<br>ना.प्र.नं.- बारा ३३२३१३०<br>जारी मिति - २०६३/०८/२३, जि.प्र.का. बारा<br>बाबु - पन्चम लाल साह तेली<br>बाजे - मंगल साह तेली<br>स्थायी ठेगाना- बारा जिल्ला, प्रस्टोका गा.वि.स., वडा नं. ०९<br>हालको ठेगाना- बारा जिल्ला कलैया उ.म.न.पा वडा नं. ०४<br>२. **राम कुमार साह**<br>ना.प्र.नं.- बारा ४५०२/३७८२<br>जारी मिति - २०५८/०६/२४, जि.प्र.का. बारा<br>बाबु - पन्चम लाल साह तेली<br>बाजे - मंगल साह तेली<br>स्थायी ठेगाना- बारा जिल्ला, प्रस्टोका गा.वि.स., वडा नं. ०९<br>हालको ठेगाना- बारा जिल्ला कलैया उ.म.न.पा वडा नं. ०४<br>३. **पन्चम लाल साह तेली**<br>ना.प्र.नं.- बारा ३३–०१–७१–००८८६<br>जारी मिति - २०७१/०३/३०, जि.प्र.का. बारा<br>बाबु - मंगल साह तेली<br>बाजे - रामानन्द साह<br>स्थायी ठेगाना- बारा जिल्ला, प्रस्टोका गा.वि.स., वडा नं. ०९<br>हालको ठेगाना- बारा जिल्ला कलैया उ.म.न.पा वडा नं. ०४ | ४. **कोशिला देवी**<br>ना.प्र.नं.- बारा ३३३०८३/१८७१<br>जारी मिति - २०६३/११/११, जि.प्र.का. बारा<br>बाबु - तारा चन्द साह तेली<br>बाजे - झखड साह तेली<br>स्थायी ठेगाना- बारा जिल्ला, प्रस्टोका गा.वि.स., वडा नं. ०९<br>हालको ठेगाना- बारा जिल्ला कलैया उ.म.न.पा वडा नं. ०४<br>५. **मीना देवी साह**<br>ना.प्र.नं.- बारा ६७०<br>जारी मिति - २०४६/०२/२४, जि.प्र.का. बारा<br>बाबु - राम अज्ञा साह तेली<br>बाजे - शारदा साह तेली<br>स्थायी ठेगाना- बारा जिल्ला, प्रस्टोका गा.वि.स., वडा नं. ०९<br>हालको ठेगाना- बारा जिल्ला कलैया उ.म.न.पा वडा नं. ०४ |

**लिलाम हुने सम्पतिको विवरण**

१. **पन्चम लाल साह तेली**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, प्रस्टोका गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. २६४, ३०० र ३०१ को क्षे.फ. क्रमश: ०–५–१०, ०–३–० र ०–२–१० (बि.क.धु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
२. **मीना देवी साह**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, कलैया न.पा. वडा नं. ७ स्थित कित्ता नं. ५५१ को क्षे.फ. ०–०–६–४ (बि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
३. **देव कुमार प्रसाद साह**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, कलैया न.पा. वडा नं. ७ स्थित कित्ता नं. १२८९ र १७०६ को क्षे.फ. क्रमश: ०–०–७–० र ०–०–५–० र ऐ.ऐ बरेवा न.पा. वडा नं. ५ स्थित कित्ता नं. १६१७ र १६२१ को क्षे.फ. क्रमश: ०–०–८–५ र ०–०–७–११ (बि.क.धु.क) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८३ जेठ २७ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८३ जेठ २८ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८३ जेठ २८ गते विहीबार अपरान्ह ३:०० बजे**

**कुमारी बैंक लिमिटेड**
**KUMARI BANK LIMITED**
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९१५०० | प्रति तोला – ० | प्रति तोला – ५०६० |

## मध्य काठमाडौंमा १३२ केभी क्षमताको भूमिगत प्रसारणलाइन बन्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले काठमाडौंको मध्यभागमा १३२ केभी क्षमताको भूमिगत प्रसारण लाइन निर्माण गर्ने भएको छ। चक्रपथभित्र सहज र सहज रूपमा विद्युत् उपलब्ध गराउने लक्ष्यका साथ सो प्रसारण लाइन निर्माण गर्न लागिएको हो। विद्युत् खपत बढाउने र सहरमा सौन्दर्य अभिवृद्धि गर्ने लक्ष्यका साथ भूमिगत प्रसारण लाइन निर्माण हुन लागेको बताइएको छ।

प्रस्तावबमोजिम बालाजु महाराजगञ्ज-राजदरबार-रत्नपार्क हुँदै सिंहदरबारसम्म सो प्रसारण लाइन जोडिनेछ। बालाजु सवस्टशेनदेखि सिंहदरबारसम्म जोडिने सो प्रसारण लाइनको लम्बाइ ११ दशमलव ९२ किलोमिटर रहनेछ।

डलब सर्किट सो प्रसारण लाइन आगामी तीन वर्षभित्र निर्माण सम्पन्न हुनेछ। यस्तै, महाराजगञ्जमा एक सय ३२/११ केभी राजदरबारमा एक सय ३२/११ केभी क्षमताको सवस्टेशन निर्माण हुनेछ।

यस्तै, रत्नपार्कमा एक सय ३२/११ केभी र सिंहदरबारमा एक ३२/६६/११ केभी क्षमताको सवस्टेशन समेत निर्माण हुनेछ। सो प्रसारण लाइन र सवस्टेशन निर्माणका लागि अनुमति मात्रै प्राधिकरणले विद्युत् विकास विभागमा आवेदन दिएको छ।

सो प्रसारण लाइनको क्षमता १३२ केभी बराबर रहनेछ। भूमिगत डबल सर्किट रहने सो प्रसारण लाइनमा ३५० मेगावाटसम्मको विद्युत् शक्ति प्रवाह हुनेछ। सो प्रसारण लाइन लाइनमा २१ वटा 'ज्वाइन्ट पिट्स'हरू निर्माण हुनेछ। त्यसको अधिकतम दूरी ५०० मिटरसम्म हुनेछ। आयोजना निर्माणको लागि कूल एक दशमलव ६२ हेक्टर जमिन आवश्यक पर्नेछ।

सो प्रसारण लाइन निर्माण तथा सञ्चालन गर्दा विद्युत् ऐन, २०४९ को दफा २४ बमोजिम भूक्षय, बाढी, वायुप्रदूषण आदिद्वारा वातावारणमा उल्लेखनीय प्रतिकुल नपर्ने गरी निर्माण गर्नुपर्नेछ।

विभागले आयोजनाका सम्बन्धमा आवश्यक सुझाव र सल्लाह उपलब्ध गराउन सार्वजनिक सूचनामार्फत आग्रह गरेको छ। प्राधिकरणले यसअघि रत्नपार्क महाराजगञ्ज क्षेत्रमा भूमिगत प्रसारण लाइन निर्माण गरिसकेको छ। काठमाडौं र ललितपुरका विभिन्न क्षेत्रमा समेत भूमिगत प्रसारण लाइन निर्माणको क्रममा छ। पोखरा र भरतपुरमा समेत भूमिगत प्रसारण लाइन निर्माणको अन्तिम चरणमा छ। सहरी सौन्दर्य बढाउने र सहज रूपमा विद्युत् उपलब्ध गराउने उद्देश्यका साथ सुरु गरिएको भूमिगत प्रसारण लाइन निर्माण तोकिएको समयमा पूरा नहुँदा अपेक्षित लक्ष्य हासिल हुन सकेको छैन।

## गाजाका बालबालिकाको 'सपना'ले चुम्यो सगरमाथाको शिखर




■ दिपा सुनुवार

**काठमाडौं–** विश्वको सर्वोच्च शिखर सगरमाथा चढ्ने र नाम राख्ने चाहना सबैको हुन्छ। तर, त्यो चाहना पूरा गर्न सजिलो छैन। सगरमाथाको आरोहण गर्नुलाई साहस, विजय र सीमाभन्दा माथि उठ्ने मानवीय क्षमताको प्रतीक मानिन्छ।

यसपटक सगरमाथा चढेर विभिन्न कीर्तिमान बनिरहँदा शिखरमा पुगेको एउटा चंगाले विश्वको ध्यान तानेको छ। उक्त चंगा मे २१ का दिन बिहान १०:४८ बजे सगरमाथाको शिखरमा पुर्‍याइएको हो। गाजाका बालबालिको सपनाको प्रतीकको रूपमा सगरमाथाको शिखरमा पुर्‍याइएको उक्त चंगाले युद्ध, भोकमरी र विस्थापनबीच पनि सपना जीवित रहन्छन् भन्ने सन्देश दिएको छ।

जोर्डन-प्यालेस्टिनी पर्वतारोही मुस्तफा सलामेह र इटालियन फिल्म निर्माता तथा साहसिक यात्री लियोनार्दो एभेजानोले उक्त चंगा सगरमाथाको चुचुरोमा पुर्‍याएका हुन्। हिमाल चढ्ने अभियानमात्र नभई गाजाका बालबालिकाले आफ्नै हातले लेखेका सन्देश र सपनाले भरिएको 'द काइट अफ ड्रिम्स' अर्थात् 'सपनाको चंगा' सगरमाथाको चुचुरोसम्म पुर्‍याएको पर्वतारोही सलामेहले बताए।

'यो युद्धग्रस्त गाजाका बालबालिकाको आवाजलाई संसारसम्म पुर्‍याउने प्रयास थियो। गाजामा जारी युद्ध, नाकाबन्दी, भोकमरी र विस्थापनबीच बाँचिरहेका बालबालिकाको पीडा र आशालाई विश्व समुदायसम्म पुर्‍याउने उद्देश्य अभियानले राखेको छ,' उनले भने।

### को हुन् सलामेह ?

मुस्तफा सलामेह एक प्यालेस्टिनी शरणार्थी परिवारमा कुवेतमा जन्मिएका हुन्। उनको पर्वतारोहण यात्रा सन् २००४ मा सुरु भएको थियो। उनले आफूलाई संसारकै अग्लो शिखरबाट बोलावट भएको सपना देखेपछि पर्वतारोहणलाई आफ्नो लक्ष्य बनाएको बताए।

सन् २००८ मा सगरमाथा आरोहण गर्ने पहिलो प्यालेस्टिनी-जोर्डनियन बने। विश्वमा सातवटै महादेशका उच्च शिखर आरोहण गर्नुका साथै उत्तर र दक्षिण ध्रुव दुवैमा पुग्ने 'एक्सप्लोरर्स ग्राण्ड स्लाम' चुनौती पूरा गर्ने २० जना व्यक्तिमध्येका एक उनी सलामेह।

### चंगामा लेखिएका अधुरा सपना

गाजाका हजारौं बालबालिकाका लागि बाल्यकाल अहिले विष्फोट, ध्वंस र भयको पर्याय बनेको छ। अहिले गाजामा ११ लाखभन्दा बढी बालबालिका भोकमरी र नाकाबन्दीको अवस्थाबीच बाँचिरहेका छन्। धेरैले अंग गुमाएका छन् भने लाखौं बालबालिका गम्भीर मानसिक आघात, विस्थापन र विद्यालय-घर ध्वस्त भएको अवस्थाबाट गुज्रिरहेका छन्। सलामेहले भने, 'गाजामा धेरै बालबालिका यसरी आफ्ना सपना लेखेर विश्वको अग्लो सर्वोच्च शिखरमा यो चंगा लगेर ल्याउन सक्यौं। पर्वतारोहणको त्यो अप्ठयारो परिस्थितिमा जब मैले हार मानेको थिएँ तब गाजाका चंगामा लेखेको गाजाका बालबालिकाको सपना सम्झेँ र आँट गरी चुचुरोमा पुग्न सफल भएँ।' गाजाका बालबालिकाको सपनाको चंगा अफ्रिका-एनटारटिकासम्म पुर्‍याउने उनले बताए। 'मैले अस्पतालमा एउटी बच्चीले भनेको कुरा सम्झन्छु कि उनले सबैलाई सहयोग हुने काम गर्नुपर्छ भनेकी थिइन्,' उनले भने।

### गाजाका बालबालिकासँग प्रत्यक्ष संवाद

सोमबार काठमाडौंमा आयोजित कार्यक्रममा गाजाका बालबालिका जुममार्फत प्रत्यक्ष सहभागी भएका थिए। नेपाली कला तथा सांस्कृतिक संस्थाहरूको सहकार्यमा आयोजित उक्त कार्यक्रम अनलाइनमार्फत प्रत्यक्ष प्रसारण गरिएको थियो। अनलाइन संवादमा त्यहाँको जीर्ण अवस्थाको वातावरण देखाइएको थियो।

त्यस क्रममा बालबालिकासँग उनीहरूका सपनाको बारेमा प्रश्नोत्तर गरिएको थियो। उनीहरूको सपना पढाइ पूरा गर्नु, दन्त चिकित्सक बन्नु, इञ्जिनियर बन्नु, शिक्षक, फुटबलर बन्नुलगायत रहेको सुनाएका थिए। 'राइजिङ ड्रिम्स' अभियानले केवल भावनात्मक समर्थनमा सीमित नराखी गाजाका बालबालिकाका लागि प्रत्यक्ष मानवीय सहायता जुटाउने लक्ष्य राखेको छ। अभियानमार्फत संकलित सहयोग अल खेएर फाउडेण्सनमार्फत बालबालिका केन्द्रित कार्यक्रम र राहत कार्यमा प्रयोग गरिने जनाइएको छ।

## नेप्से परिसूचकमा नौ अंकको गिरावट, पौने पाँच अर्बको कारोबार

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार नौ अंकले ओरालो लागेको छ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक नौ दशमलव २४ अंकले ओरालो लागेर दुई हजार ७७७ दशमलव १० मा सीमित भएको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ४५ अंकले ओरालो लागेर ४७४ दशमलव २९ मा सीमित भएको छ।

कारोबार भएकामध्ये ६९ कम्पनीको शेयर मूल्य बढेको छ भने १९० कम्पनीको भने घटेको छ। यस्तै, ११ कम्पनीको शेयर मूल्यमा भने कुनै परिवर्तन भएको छैन।

कुल तीन सय ४० कम्पनीको एक करोड १८ लाख ७२ हजार ५०७ कित्ता शेयर रु चार अर्ब ८५ करोड ४४ लाख ४४ हजार १७० मूल्यमा खरिद बिक्री भएको छ।

नेप्सेका अनुसार, आँखु खोला जलविद्युत् कम्पनी, रिडी पावर कम्पनी, साहस ऊर्जा, इ्यादी ग्रुप पावर र अपि पावर कम्पनी कारोबारका आधारमा शीर्ष स्थानमा छ।

दिनभरको कारोबारमा कालिञ्चोक हाइड्रोपावर, कुथेली बुखरी स्मल हाइड्रोपावर, त्रिशूली जलविद्युत् कम्पनी, सिर्जनशील लघुवित्त वित्तीय संस्था, नेपाल रिपब्लिक मिडियाका शेयरधनीले कमाएका छन्।

यसैगरी, सुपर खुदी हाइड्रोपावर, ग्रिन डेभलपमेन्ट बैंक, आत्मनिर्भर लघुवित्त, एनआइसी एसिया बैंक, सालपा विकास बैंकका लगानीकर्ताले भने गुमाएका छन्।

## कर्पोरेट

### मुक्तिनाथ विकास बैंकको फाइदा एपबाट 'सेल्फ-रिन्यु' सुविधा




**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंकले आफ्नो मोबाइल बैंकिङ सेवा 'मुक्तिनाथ फाइदा एप' मा नयाँ 'सेल्फ-रिन्यु' लगाएतको अन्य सुविधा थप गरेको छ। यस सुविधासँगै ग्राहकहरूले मोबाइल बैंकिङ सेवा नवीकरण गर्न शाखा धाउनुपर्ने बाध्यता हटेको बैंकले जनाएको छ।

अब ग्राहकहरूले घरमै बसेर वा आफ्नो सहजता अनुसार यस बैंकको मोबाइल बैंकिङ्ग एप नवीकरण गर्न सक्नेछन्। त्यसको लागि एपमा लगइन गरी 'एक्सपायरी पप-अप' देखिएपछि 'रिन्यू नाउ'मा क्लिक गर्नुपर्ने हुन्छ। त्यसपछि नवीकरण शुल्क सम्बन्धी जानकारी तथा व्यवस्थापन पछि 'कन्टिन्यू' थिचेर आफ्नो पिन प्रविष्ट गरेपछि सेवा तुरुन्त सक्रिय हुने व्यवस्था रहेको छ। यस सेवाको साथमा बैंकले फाइदा एपबाट बैंक नगई ग्राहकले आफ्नो परिचयपत्र वा प्यान तथा ईमेल पनि अपडेट गर्न सक्ने व्यवस्था मिलाएको छ।

बैंकले डिजिटल बैंकिङ सेवालाई थप प्रभावकारी र ग्राहकमैत्री बनाउन यो सुविधा ल्याइएको बैंकले जनाएको छ।

### महालक्ष्मी कर्पोरेट क्रिकेट लिगको पाँचौं संस्करण जेठ १७ देखि




**काठमाडौं (प्रस)–** महालक्ष्मी विकास बैंकले ३२ औं वर्ष प्रवेश गरेको अवसरमा महालक्ष्मी कर्पोरेट क्रिकेट लिग २०२६- आउयोजना गर्ने भएको छ। बैंकले यही जेष्ठ १७ गते देखी जेष्ठ २० गते सम्म चुनिखेल, काठमाण्डौंस्थित रोयल स्पोर्टस् पार्कमा पाँचौं चरणको क्रिकेट लिग सञ्चालन गर्ने भएको हो। हरेक वर्ष झैं यो वर्ष पनि वार्षिक उत्सवको अवसरमा उक्त क्रिकेट लिग गर्न लागिएको हो। नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरू, बिमा कम्पनीहरू साथै मर्चेन्ट बैंकहरूको सहभागिता रहने क्रिकेट लिग समग्र कर्पोरेट क्षेत्रमा एक प्रतिष्ठित प्रतियोगितको रूपमा रहेको छ। ४ दिनमा कुल ४५ खेलहरू हुने र २४० जना खेलाडीहरू रहने उक्त लिगमा ९ वाणिज्य बैंकहरू, ७ विकास बैंक, ३ वित्त कम्पनी, १ लघुवित्त कम्पनी, ३ बिमा कम्पनी र १ मर्चेन्ट बैंकको सहभागिता रहने छ। उक्त लिगको उद्घाटन समारोह जेष्ठ १७ गते र समापन तथा पुरस्कार वितरण समारोह जेष्ठ २२ गते हुनेछ।

आयोजित पुर्व प्रतियोगिता भेटघाट तथा टाई सिट कार्यक्रममा विजेता तथा उपविजेता ट्रफी र टिम जर्सी सार्वजनिक गरिएको छ भने सोही कार्यक्रममा टिम कप्तानहरूलाई जर्सी समेत वितरण गरिएको छ।

लिग कम नक आउट ढाँचामा आयोजना हुने प्रतियोगितामा कुल ४५ वटा खेल खेलिनेछन्। सहभागी २४ टोलिलाई ६ वटा समुहमा विभाजन गरिनेछ जसबाट समुहको उत्कृष्ट एक टिम सुपर सिक्समा प्रवेश गर्नेछन्। खेल १० ओभर प्रति इनिंग्सको हुनेछ।

### सिद्धार्थ बैंकद्वारा तनहुँका सामुदायिक विद्यालयलाई स्मार्ट बोर्ड हस्तान्तरण




**काठमाडौं (प्रस)–** सिद्धार्थ बैंक लिमिटेडले गण्डकी प्रदेशको तनहुँ जिल्लास्थित १२ सामुदायिक विद्यालयहरूलाई एक-एक थान इन्टरएक्टिभ डिस्प्ले स्मार्ट बोर्ड हस्तान्तरण गरेको छ। उक्त हस्तान्तरण सोमबार नारायणी आधारभूत विद्यालयको सभाहलमा सम्पन्न भएको थियो।

कार्यक्रममा बैंकका गण्डकी प्रदेश प्रमुख निरज श्रेष्ठ, दमौली शाखा प्रबन्धक दिपक पौडेल, डुम्रे शाखा प्रबन्धक सुधिर वाग्ले, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजु सिम्खडा, यू.डब्लु.एस.नेपालका प्रतिनिधि, अभिभावक तथा विद्यार्थीहरूको उपस्थिति रहेको थियो।

बालबालिकाहरू राष्ट्रका कर्णधार हुन् र राष्ट्रको उज्जवल भविष्य उनीहरूले हासिल गर्ने ज्ञान र सीपमा निर्भर हुने मान्यताको साथ बैंकले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्दै सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई आधुनिक तथा गुणस्तरीय शिक्षासँग जोड्ने उद्देश्यले इन्टरएक्टिभ स्मार्ट बोर्ड हस्तान्तरण गरेको हो। यस प्रविधिमैत्री कार्यबाट १२ सामुदायिक विद्यालयका प्रत्येक वर्ष १५ सयभन्दा बढी विद्यार्थी प्रत्यक्ष रूपमा लाभान्वित हुने अपेक्षा गरिएको छ। उक्त प्रविधिले कक्षाकोठाको शिक्षणलाई दृश्यात्मक र अन्तरक्रियात्मक बनाउनुका साथै पाठ्यवस्तु बुझ्न अझ सजिलो बनाउदै भिडियो, चित्र तथा डिजिटल सामग्रीको प्रयोगबाट विद्यार्थीहरूले विषयवस्तु सहज रूपमा बुझ्न सक्ने भएकाले सिकाइ प्रक्रिया अझ रोचक र प्रभावकारी हुने विश्वास बैंकले लिएको छ।

बैंकले दिगो विकास लक्ष्यलाई सधैं आफ्नो उच्च प्राथमिकतामा राखी समाजको विकासमा टेवा पुर्‍याउने उद्देश्य लिँदै विभिन्न सामाजिक कार्यहरूमा सहभागिता जनाउँदै आएको छ र आगामी दिनहरूमा पनि यस्ता सामाजिक कार्यहरूलाई निरन्तरता दिँदै जाने योजना बैंकको रहेको छ।

### सानेपामा पोकोको नयाँ सर्भिस सेन्टर




**काठमाडौं (प्रस)–** टेलि टक प्रा.लि. रमेश कर्पअन्तर्गतको कम्पनीले सानेपास्थित रमेश कम्प्लेक्समा नयाँ पोको सर्भिस सेन्टर सञ्चालनमा ल्याएको घोषणा गरेको छ। उक्त सर्भिस सेन्टरमार्फत पोको ब्रान्डका स्मार्टफोन तथा सम्बन्धित डिभाइसहरूको आधिकारिक बिक्रीपछिको सेवा तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

सानेपाको सहज पहुँचयुक्त स्थानमा स्थापना गरिएको यस अत्याधुनिक सर्भिस सेन्टरले ग्राहकहरूलाई द्रुत, भरपर्दो र ग्राहक-मैत्री सेवा प्रदान गर्ने लक्ष्य राखेको छ। सेन्टरमा दक्ष प्राविधिक टोली, आधुनिक डाइग्नोस्टिक सुविधा तथा गुणस्तरीय स्पेयर पार्ट्सको व्यवस्था गरिएको छ, जसले ग्राहकलाई उच्चस्तरीय सेवा अनुभव प्रदान गर्नेछ। नेपालमा स्मार्टफोन तथा प्रविधि उपकरणहरूको प्रयोग तीव्र रूपमा बढिरहेको सन्दर्भमा गुणस्तरीय बिक्रीपछिको सेवाको आवश्यकता पनि बढ्दो क्रममा रहेको छ। यही आवश्यकतालाई मध्यनजर गर्दै कम्पनीले पोको प्रयोगकर्ताहरूका लागि सहज र विश्वसनीय सेवा उपलब्ध गराउने उद्देश्यका साथ यो नयाँ सर्भिस सेन्टर सञ्चालनमा ल्याएको हो।

ग्राहकहरूले यहाँ डिभाइस जाँच, सफ्टवेयर सपोर्ट, वारेन्टी सेवा, मर्मत, नियमित मर्मतसम्भार तथा प्राविधिक परामर्शजस्ता सेवाहरू प्राप्त गर्न सक्नेछन्। उक्त सर्भिस सेन्टर आइतबारदेखि शुक्रबारसम्म, बिहान १० बजेदेखि साँझ ६ बजेसम्म खुल्ने जनाइएको छ।

### एनआइसी एसिया बैंकद्वारा धनुषाको विद्यालयलाई सहयोग




**काठमाडौं (प्रस)–** एनआईसी एशिया बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत महेन्द्रनगर, धनुषास्थित दुधमती राष्ट्रिय प्राथमिक विद्यालयमा विभिन्न शैक्षिक सामग्रीहरू सहयोग उपलब्ध गराएको छ। विद्यार्थीहरूको पठनपाठनलाई अझ सहज बनाउँदै विद्यालयमा गुणस्तरीय शैक्षिक वातावरण सिर्जनामा सहयोग गर्ने उद्देश्यका साथ बैंकले उक्त शैक्षिक सामग्री सहयोग प्रदान गरेको छ।

१३८ भन्दा धेरै विद्यार्थीहरूले पठनपाठन गरिरहेको यस विद्यालयका लागि यस बैंकका जनकपुर सर्कल हेड उत्सुकराज श्रेष्ठले उक्त विद्यालयकी प्रधानाध्यापक ममता पण्डितलाई मंगलबार एक कार्यक्रमका बीच झोला तथा अन्य शैक्षिक सामग्री हस्तान्तरण गरे। कार्यक्रममा उक्त विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सितेश कुमार झा, शिक्षक तथा शिक्षिकाहरू, विद्यार्थीहरू र बैंकका तर्फबाट बैंकका कर्मचारीहरूको उपस्थिति रहेको थियो।

बैंकले उपलब्ध गराएको उक्त सहयोगले विद्यार्थीहरूको पठनपाठनमा अझ धेरै सहजता हुनुको साथै विद्यालयमा गुणस्तरीय शैक्षिक वातावरण सिर्जना गर्न सहयोग पुग्ने बैंकले विश्वास लिएको छ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ